लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत



वर्ष २०, अंक १६, २०८३ कार्तिक २७ गते शुक्रबार (Nov. 13, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

तिहारमा पनि सेलाएन कांग्रेसको कलह

गगन घेराबन्दीमा

कोदे समूहको खेदो



भक्तपुर/ चाडपर्वले सामान्यतः राजनीतिक असमझदारी बिर्सेर सम्बन्ध सुधार्ने अवसर दिन्छ । यसपटकको तिहार नेपाली कांग्रेसका लागि त्यस्तो अवसर बन्न सकेन । पार्टीको नेतृत्व परिवर्तनसँगै शुरु भएको शक्ति संघर्षले चाडपर्वको माहोलमा समेत विश्राम पाएन । १५औँ महाधिवेशनबाट गगनकुमार थापा सभापतिमा निर्वाचित भएर नयाँ पदाधिकारीसहित जिम्मेवारी सम्हालेको केही समय नबित्दै उनीमाथि केन्द्रित विवाद, पक्राउ पर्ने हल्ला र पुरानो नेतृत्वको समानान्तर गतिविधिले कांग्रेसको आन्तरिक राजनीति थप पेचिलो बनाएको छ ।

कांग्रेसका लागि थापाको सभापति चयन केवल एउटा पदमा नयाँ व्यक्ति पुग्नु मात्र थिएन । लामो समयदेखि पार्टीको नेतृत्वमा रहँदै आएको पुस्तालाई विस्थापित गर्दै नयाँ राजनीतिक सोच र कार्यशैली स्थापित गर्ने प्रयासका रूपमा यसलाई हेरिएको थियो । महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरूले शपथ लिएपछि पार्टीका गतिविधिलाई नयाँ ढंगले अघि बढाउने अपेक्षा गरिएको थियो तर नयाँ नेतृत्वले आफ्नो कार्ययोजना अघि सार्न नपाउँदै पार्टीभित्र र बाहिरबाट उठेका विवादले उसको सुरुआती समय नै चुनौतीपूर्ण बनेको छ ।

तिहारको समयमा सार्वजनिक भएको एउटा विवादास्पद अडियो ले यही परिस्थितिलाई थप चर्चामा ल्यायो । केही विवादास्पद गतिविधिमा जोडिएका व्यक्तिले सभापति थापाको नाम उल्लेख गर्दै गरेका भनिएका कुराले सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म बहस जन्मायो । पार्टीको आधिकारिकता र नेतृत्व परिवर्तनसँग जोडेर आर्थिक चलखेल भएको आशयका कुरा सार्वजनिक भएपछि थापालाई नैतिक दबाबमा पार्ने प्रयास भएको देखियो । त्यसपछि उनलाई पक्राउ गर्ने तयारी भइरहेको भन्ने हल्लासमेत फैलियो । यस्ता चर्चालाई पुष्टि गर्ने आधिकारिक आधार सार्वजनिक भएको छैन ।

थापा र उनको नेतृत्वको कांग्रेसले भने यसलाई राजनीतिक भ्रम सिर्जना गर्ने प्रयासका रूपमा लिएको छ । पार्टीले नयाँ सभापतिले कुनै गैरकानूनी काम नगरेको र अप्रमाणित कुरालाई आधार बनाएर नेतृत्वमाथि प्रहार गर्नु उचित नभएको धारणा अघि सारेको छ । थापाले पनि आफूले कुनै गलत आर्थिक कारोबार नगरेको भन्दै आरोपको निष्पक्ष परीक्षण हुनुपर्ने बताएका छन् । यसले विवादलाई केवल व्यक्तिगत आरोपको विषयमा सीमित नराखी पार्टीको वैधानिकता र नेतृत्व परिवर्तनको प्रक्रियासँग जोडिदिएको छ ।

कांग्रेसको वर्तमान संकटको जरो पछिल्लो अडियो वा पक्राउसम्बन्धी हल्लामा मात्र छैन । यसको पृष्ठभूमिमा लामो समयदेखि चल्दै आएको नेतृत्वको प्रतिस्पर्धा र पार्टीभित्रको शक्ति बाँडफाँटको असन्तुष्टि छ । शेरबहादुर देउवा नेतृत्वको पुरानो समूहले नयाँ महाधिवेशनबाट आएको नेतृत्वलाई पूर्ण रूपमा स्वीकार गर्न नसक्नु र डा. शशांक कोइरालासहितका नेताहरूले छुट्टै संगठनात्मक गतिविधि अघि बढाउनुले पार्टीभित्र दुई धार स्पष्ट देखिन थालेका छन् ।

देउवा समूहका लागि अहिलेको विवाद आफ्नो राजनीतिक प्रभाव जोगाउने संघर्ष पनि हो । लामो समय पार्टीको नेतृत्व गरेका देउवाले नयाँ परिस्थितिमा आफ्नो भूमिका कसरी स्थापित गर्ने भन्ने प्रश्न छ । अर्कोतर्फ थापा नेतृत्वले पुरानो समूहको प्रभावबाट पार्टीलाई मुक्त गर्दै नयाँ संरचनामा अघि बढाउने चुनौती सामना गरिरहेको छ । १५औँ महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै अलगै गतिविधि गर्ने नेताहरूको सक्रियताले विवादलाई सामान्य असन्तुष्टिभन्दा माथि पुऱ्याएको छ ।

यसबीच डा. शशांक कोइरालाको भूमिका पनि चासोको विषय बनेको छ । उनीसँग जोडिएका नेताहरूले पुरानो समूहको पक्षमा गतिविधि गरिरहेका छन् तर कांग्रेसभित्र सबै असन्तुष्ट नेताको

बाँकी ५ पृष्ठमा

मधेशसभामा भोलि विश्वासको मत

हेटौंडा/ मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफ्नो सरकार टिकाउनका लागि भोलि (कात्तिक २८ गते) आफ्नो अन्तिम अश्त्र प्रयोग गर्ने भएका छन् । संवैधानिक व्यवस्था अनुसार उनले प्रदेशसभामा विश्वासको मत लिने भएका हुन् ।

प्रदेश सरकारमा सहभागी नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्था छ । यस्तो अवस्थामा अल्पमतमा परेका मुख्यमन्त्री यादवले विश्वासको मत लिनका लागि दिन र समय तोकेको बताइएको छ ।

दिउँसो १ बजे विश्वासको मत लिने तयारीमा रहेका मुख्यमन्त्री यादवले प्रदेशसभा बैठक बोलाउन प्रदेशसभा सचिवालयलाई पत्राचार गरेका छन् । उनले उक्त दिन विश्वासको मत प्राप्त गर्ने सोंच पनि लिएका बताइएको छ । यसका लागि उनले विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र विश्वासको मत लिनु अघिसम्म संवाद जारी राख्ने धारणा उनले राखेका छन् । उनी नेपाली कांग्रेसका तर्फबाट मुख्यमन्त्री बनेका हुन् । सरकारमा सहभागी नेकपा (एमाले) का चारजना मन्त्रीले गत असोज २५ गते सामूहिक राजीनामा दिँदै

बाँकी ५ पृष्ठमा

रायमाझी राजनीतिमा फर्किने कि विश्राम लिने ?

काठमाडौं/ नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएपछि लामो समयदेखि कानूनी उल्झन र कारागार जीवन बिताइरहेका नेकपा (एमाले) का नेता टोपबहादुर रायमाझी बुधबार कारागारबाट मुक्त भएका छन् । ६५ वर्ष उमेर पुगेका रायमाझी उमेरसम्बन्धी कानूनी व्यवस्थाका आधारमा कैदबाट छुटेका हुन् । कारागारबाट रिहा भएपछि उनलाई पत्नीको जिम्मा लगाइएको छ । उनको रिहाइसँगै अब उनी पुनः सक्रिय राजनीतिमा फर्किन्छन् वा राजनीतिक जीवनबाटै टाढा रहन्छन् भन्ने बहस शुरु भएको छ ।

कुनै समय एमालेभित्र प्रभावशाली नेताका रूपमा परिचित रायमाझीको राजनीतिक यात्रा नक्कली भुटानी शरणार्थी प्रकरणपछि गम्भीर संकटमा परेको थियो । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने नाममा भएको भनिएको अवैध कारोबारमा उनको संलग्नता रहेको अभियोग लागेपछि उनी कानूनी कारबाहीको दायरामा आएका थिए । यो प्रकरणले उनको व्यक्तिगत राजनीतिक छवि मात्र होइन, एमालेको नेतृत्व र समग्र राजनीतिक वृत्तलाई समेत असहज अवस्थामा पुऱ्याएको थियो ।

कारागारबाट बाहिरिएसँगै रायमाझीको आगामी राजनीतिक भूमिकाबारे स्वाभाविक रूपमा चासो बढेको छ । लामो समय पार्टी राजनीतिमा बिताएका र विभिन्न राजनीतिक जिम्मेवारी सम्हालिसकेका उनी तत्कालै पुरानै सक्रियतामा फर्किने सम्भावना भने सहज देखिँदैन । उनीनिकट केही व्यक्तिहरूले समेत अहिलेको अवस्थामा रायमाझीले सक्रिय राजनीतिमा फर्किनुभन्दा

बाँकी ५ पृष्ठमा

सरकारी ठहरिएको जग्गा निजी नाममा

काभ्रेपलाञ्चोक/ सरकारी अभिलेखमै वन तथा पर्ती जनिएको जग्गा करिब २५ वर्षपछि व्यक्तिका नाममा दर्ता भएर टुक्राटुक्रा बिक्री भएको विषयले काभ्रेपलाञ्चोकको नमोबुद्धमा विवाद उत्पन्न गरेको छ । नमोबुद्ध नगरपालिका-४ नामिडाँडास्थित सरकारी प्रकृतिको जग्गा निजी स्वामित्वमा पुऱ्याएर बिक्री गरिएको र त्यसबाट करिब २८ करोड रुपियाँभन्दा बढीको कारोबार भएको दाबी सार्वजनिक भएपछि जग्गा दर्ताको प्रक्रियामाथि गम्भीर प्रश्न उठेको हो ।

विवादको केन्द्रमा कित्ता नम्बर ३०४ को जग्गा छ । उपलब्ध पुराना अभिलेखअनुसार उक्त जग्गालाई मालपोत कार्यालय काभ्रेपलाञ्चोकले २०५६ वैशाख १२ गते नै वन तथा पर्ती कायम गर्ने निर्णय गरेको थियो । त्यसको झन्डै साढे दुई दशकपछि ठण्डिराज उपाध्याय चिमोरिया र केदार राज उपाध्याय चिमोरियाका नाममा जग्गा दर्ता भएको पाइएको छ । सरकारी अभिलेखमा लामो समयदेखि सार्वजनिक प्रकृतिको जग्गाका रूपमा रहेको सम्पत्ति कुन आधारमा निजी स्वामित्वमा पुग्यो भन्ने विषय अहिले विवादको प्रमुख कारण बनेको छ ।


कागजातअनुसार यस जग्गामा व्यक्तिको स्वामित्व कायम गराउने प्रयास नयाँ भने होइन । २०५४ चैत १९ गते छ जना चिमोरियाले छुट दर्ताको माग गर्दै मालपोत कार्यालयमा अलग-अलग निवेदन दिएका थिए । ती निवेदनमाथि छानबिन गर्दा जग्गाको पुरानो व्यक्तिगत दर्ता, मालपोत तिरेको प्रमाण तथा वास्तविक भोगचलन पुष्टि गर्ने आधार पर्याप्त नभेटिएको उल्लेख छ । त्यसपछि मालपोत कार्यालयले २०५६ वैशाख १२ गते जग्गालाई वन तथा पर्ती कायम गरी निवेदन तामेलीमा राख्ने निर्णय गरेको देखिन्छ ।

त्यतिबेला गरिएको निर्णयले जग्गामाथिको व्यक्तिगत दाबी टुंग्याइसकेको कानून व्यवसायीहरूको तर्क छ । उनीहरूका अनुसार मालपोत ऐन, २०३४ को दफा ७(२) अन्तर्गत छुट दर्ताको प्रक्रिया अपनाइए पनि त्यसको अन्तिम निर्णय भइसकेपछि सोही विषयलाई पुनः उठाएर निजी स्वामित्व कायम गर्न मिल्ने अवस्था हुँदैन । त्यसैले पुरानो निर्णय हुँदाहुँदै पछिल्लो समय भएको दर्ताको कानुनी आधार सार्वजनिक हुनुपर्ने उनीहरूको माग छ ।

अभिलेखमा देखिएको अर्को महत्त्वपूर्ण पक्ष जग्गाको भौतिक अवस्था हो । २०३३ सालको

बाँकी ५ पृष्ठमा

कांग्रेसको नयाँ परीक्षा



प्रसङ्गवश

कौशल कुमार भट्टराई

नेपाली कांग्रेसको १५औँ महाधिवेशनले पार्टीको नेतृत्वमा पुस्तान्तरणको सन्देश दिएको छ । गगनकुमार थापाको नेतृत्वमा नयाँ केन्द्रीय कार्यसमिति बनेसँगै कांग्रेसभित्र लामो समयदेखि जमेर बसेको नेतृत्वशैली, गुटगत प्रतिस्पर्धा र संगठन सञ्चालनको तौरतरिकामा परिवर्तन आउने अपेक्षा गरिएको छ । यो परिवर्तन केवल नेतृत्वमा नयाँ अनुहार आउनुमा सीमित छैन, पार्टीले अब आफूलाई कसरी प्रस्तुत गर्छ र जनताको बदलिएको अपेक्षासँग कसरी जोड्छ भन्ने विषयसँग पनि सम्बन्धित छ । विशेषगरी युवा पुस्तामा कांग्रेसप्रति देखिएको नयाँ चासो र आकर्षणलाई पार्टीले अवसरका रूपमा लिन सक्नुपर्छ । नयाँ नेतृत्वप्रतिको उत्साहलाई स्थायी जनसमर्थनमा बदल्न भाषण, सामाजिक सञ्जालको लोकप्रियता वा महाधिवेशनको परिणाम मात्र पर्याप्त हुँदैन । त्यसका लागि पार्टीको व्यवहार, निर्णय प्रक्रिया र कार्यशैलीमै परिवर्तन देखिनुपर्छ ।

कांग्रेसको अहिलेको सबैभन्दा ठूलो चुनौती आफ्नै विगतबाट बाहिर निस्कनु हो । लामो समय सत्ताको वरिपरि घुमेको पार्टीका रूपमा कांग्रेसप्रति जनताका अनेक गुनासा छन् । भ्रष्टाचार नियन्त्रण, सुशासन, सार्वजनिक सेवा प्रवाह, रोजगारी र आर्थिक अवसरका विषयमा पार्टीले विगतमा अपेक्षित परिणाम दिन नसकेको आलोचना हुँदै आएको छ । त्यसैले नयाँ नेतृत्वले पुराना कमजोरीको बचाउ गर्नुभन्दा तिनलाई स्वीकार गरेर सुधारको स्पष्ट बाटो देखाउनुपर्छ । पार्टीभित्र निर्णय गर्ने अधिकार सीमित व्यक्तिको हातमा केन्द्रित हुने अवस्था अन्त्य गर्दै तल्लो तहका कार्यकर्ता र समर्थकको आवाजलाई महत्व दिनु आवश्यक छ । उम्मेदवार छनोटदेखि नीति निर्माणसम्म सदस्यको सहभागिता बढाउने, संगठनलाई नियमित गतिविधिमा सक्रिय राख्ने र नेतृत्वलाई जवाफदेही बनाउने व्यवस्था गर्न सकिए कांग्रेसको आन्तरिक जीवनमा नयाँ ऊर्जा आउन सक्छ । युवा पुस्तालाई केवल प्रचारमा प्रयोग गर्ने होइन, नीति निर्माण र निर्णय प्रक्रियामै जिम्मेवारी दिनुपर्छ । महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व पनि औपचारिक सहभागितामा सीमित नभई नेतृत्व र

बाँकी ५ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

साइरन रोकिएको दमकलले सुनाइरहेको कथा

मनोज कुमार पोखरेल

वसन्तपुरको भीडमा एउटा गाडी अब कतै हतारिँदैन । आगो लागेको खबरले त्यसको इन्जिन तात्दैन, साइरन बज्दैन, पाइपबाट पानीको फोहोरा छुट्दैन । वर्षौंसम्म आगोसँग लडेको त्यो पुरानो दमकल अहिले आफैं स्थिर छ । मानिस त्यसलाई बाटो छोड्न होइन, नजिक गएर हेर्न थालेका छन् ।

कुनै समय उसको आगमन राहतको संकेत हुन्थ्यो । आज उसको उपस्थिति इतिहासको संकेत बनेको छ । काठमाडौंको वसन्तपुरस्थित जुद्ध वारुण यन्त्रमा राखिएको यही पुरानो दमकलबाट नेपालको अग्नि नियन्त्रण सेवाको झन्डै एक शताब्दी लामो कथा खोतल्न सकिन्छ । त्यो कथा एउटा मोटरको मात्र होइन । सडक नहुँदाको काठमाडौं, सीमित प्रविधिबीच आगोसँग जुधेको समाज र अहिलेको आधुनिक भनिएको सहरसम्म आइपुग्दा बदलिएको जोखिमको पनि कथा हो ।

नेपालमा दमकलको आवश्यकता कुनै योजनाकारको टेबलमा बसेर अचानक जन्मिएको थिएन । त्यसका पछाडि आगोले दिएको कठोर चेतावनी थियो । राणाकालीन काठमाडौंको भव्य सेतो दरबार आगोको चपेटामा परेपछि तत्कालीन शासकलाई एउटा वास्तविकता महसुस भयो कि आगो लागेपछि मानिसको भीड, बाल्टिन र पानी मात्रै पर्याप्त हुँदैनन् । शहर जोगाउन त्यसअनुसारको प्रविधि चाहिन्छ ।

त्यही आवश्यकताले विदेशबाट दमकल मगाउने बाटो खोल्यो । तात्कालीन प्रधानमन्त्री जुद्धशमशेर ज.ब.रा.को पालामा बेलायतबाट तीनवटा दमकल ल्याइएको इतिहास पाइन्छ । त्यसपछि वि.सं. १९९४ मा काठमाडौंमा जुद्ध वारुण यन्त्रको संस्थागत व्यवस्था भयो । पछि ललितपुर र भक्तपुरमा समेत वारुण यन्त्रको सेवा विस्तार हुँदै गयो ।

नेपालको दमकल इतिहासको सबैभन्दा रोचक पक्ष दमकल किन्नु होइन, त्यसलाई काठमाडौंसम्म ल्याउनु हो । आज कुनै गाडी विदेशबाट ल्याउँदा समुद्री बन्दरगाह, भन्सार नाका र राजमार्ग हुँदै गन्तव्यसम्म आइपुग्छ । त्यो समयको काठमाडौंसँग यस्तो सुविधा थिएन । मोटरलाई तराईबाट काठमाडौं उपत्यकासम्म गुडाएर ल्याउने सडक बनेकै थिएन । विदेशबाट आएको दमकल मकवानपुरको भीमफेदीसम्म आइपुगेपछि अगाडि मोटर होइन, मान्छे हिँड्ने बाटो थियो ।

त्यसपछि प्रविधिलाई मान्छेको काँधले बोकेको एउटा अनौठो अध्याय शुरु भयो । दमकलका पाटपुर्जा छुट्याइए । छुट्याउन मिल्ने भाग अलग गरिए । फलामका भारी सामान बोक्ने व्यवस्था मिलाइयो । अनि भीमफेदीबाट उकालो चढ्दै, पहाड काट्दै, घुम्ती र ओराली पार गर्दै ती सामान काठमाडौं ल्याइए । यहाँ आइपुगेपछि फेरि जोडेर दमकल तयार पारियो ।

कल्पना गर्दा पनि दृश्य असाधारण लाग्छ कि आगो निभाउन आएको आधुनिक मेसिन आफैं सडकमा गुड्न नपाएर मानिसको ढाड र काँध चढेर राजधानी प्रवेश गरिरहेको छ । सायद नेपालको आधुनिकताको प्रारम्भिक स्वरूप पनि यही थियो । प्रविधि विदेशबाट आउँथ्यो, तर त्यसलाई गन्तव्यमा पुऱ्याउन नेपाली श्रमले बाटो बनाउँथ्यो ।

त्यो बेला काठमाडौं आजको जस्तो थिएन । चक्रपथ थिएन, आकाश छुने अपार्टमेन्ट थिएनन्, सडकभरि सवारीको जाम थिएन तर शहरभित्र काठ र इँटाले बनेका घर थिए । बस्ती जोडिएका थिए । साँघुरा गल्ली थिए । एउटा घरबाट अर्को घरमा आगो फैलने जोखिम ठूलो थियो । यस्तो अवस्थामा दमकलको आगमन एउटा नयाँ सरकारी सेवाको शुरुआत मात्रै थिएन, विपद्सँग लड्ने सोचमा आएको परिवर्तन पनि थियो ।

पुराना दमकलको क्षमता आजका साधनसँग तुलना गर्दा सामान्य लाग्न सक्छ । जुद्ध वारुण यन्त्रमा रहेको पुरानो सानो दमकलले करिब ३५० लिटर पानी बोक्थ्यो । अहिले त्यो परिमाणले ठूलो शहरी आगलागी नियन्त्रण गर्ने कल्पना गर्न पनि कठिन हुन्छ तर प्रविधिको मूल्यांकन वर्तमानको आँखाले मात्रै गर्न मिल्दैन । जुन समयमा त्यो गाडी काठमाडौं आइपुगेको थियो, त्यतिबेला त्यही एउटा अत्याधुनिक साधन थियो ।

नयाँ दमकल थपिए । इन्जिन फेरिए । पानी बोक्ने क्षमता बढ्यो । पाइप, पम्प र उद्धार उपकरण आधुनिक भए । कुनै समय सबैभन्दा आधुनिक मानिएका गाडी क्रमशः पुराना भए । सडकमा उनीहरूको आवश्यकता घट्यो र इतिहासमा उनीहरूको महत्व बढ्दै गयो ।

अहिले वसन्तपुरको जुद्ध वारुण यन्त्रमा रहेको त्यस्तै पुरानो दमकललाई सर्वसाधारणले हेर्न मिल्ने गरी राखिएको छ । यसको अर्थ एउटा बिग्रिएको गाडीलाई सजाएर राख्नु मात्रै होइन । नेपालमा संगठित अग्नि नियन्त्रण सेवाको आरम्भलाई दृश्य रूपमा जोगाउने प्रयास हो ।

यसलाई अझ व्यवस्थित गर्न सके वसन्तपुरमा सानो तर महत्वपूर्ण अग्नि इतिहास संग्रहालय बन्न सक्छ । दमकलसँगै पुरानो साइरन, पानी फाल्ने पाइप, अग्नि नियन्त्रकले प्रयोग गर्ने पोशाक, हेल्मेट, पुराना तस्वीर, आगलागीका अभिलेख र विभिन्न कालखण्डमा प्रयोग भएका उपकरण राख्न सकिन्छ । भीमफेदीबाट पाटपुर्जा बोकेर काठमाडौं ल्याइएको बाटोको नक्सा राख्न सकिन्छ । कुन समयको दमकलले कति पानी बोक्थ्यो र आजको दमकलको क्षमता कति छ भन्ने तुलना देखाउन सकिन्छ ।

त्यसो भए एउटा पुरानो गाडी हेर्न गएको विद्यार्थीले नेपालको यातायात, शहरीकरण, प्रविधि र विपद् व्यवस्थापनको इतिहास एकै ठाउँमा पढ्न सक्छ । काठमाडौंमा मात्रै होइन, भक्तपुरमा पनि पुराना दमकल संरक्षणको प्रतीक्षामा छन् । त्यहाँका पुराना वारुण यन्त्र वर्षौं देखि थन्किएका छन् । उपलब्ध विवरणमा तीनवटा पुराना दमकल रहेको देखिन्छ । कतिपयमा इन्जिन वा अन्य उपकरण परिवर्तन गरे फेरि चलाउन सकिने सम्भावना पनि हुन सक्छ तर यहाँ 'चलाउने' र 'जोगाउने' बीचको फरक बुझ्न जरुरी छ ।

हरेक पुरानो दमकल सडकमा फर्किनैपर्छ भन्ने छैन । एक सय वर्ष पुरानो साधनलाई आधुनिक दमकलको काम लगाउनु भन्दा उसको मौलिकता जोगाएर इतिहासका रूपमा सुरक्षित गर्नु कहिलेकाहीं बढी मूल्यवान् हुन्छ । आज नयाँ दमकल किन्न सकिन्छ तर सय वर्षअघिको दमकल नष्ट भएपछि अर्को सय वर्ष पुरानो दमकल बजारबाट किनेर ल्याउन सकिँदैन ।

पुरानो इतिहास जोगाउने चर्चा भइरहँदा वर्तमानको प्रश्न भने अझ गम्भीर छ । आज नेपालसँग ७५३ स्थानीय तह छन् । पछिल्ला उपलब्ध विवरणअनुसार देशमा करिब दुई सयको हाराहारीमा दमकल रहेको देखिन्छ । विभिन्न स्रोतमा संख्या र सञ्चालन अवस्थाबारे केही फरक विवरण पाइने भएकाले 'दमकल कति छन् ?' भन्दा 'काम गर्न सक्ने अवस्थामा कति छन् ?' भन्ने प्रश्न बढी महत्वपूर्ण हुन्छ किनकि दमकलको संख्या र आगो निभाउने क्षमता एउटै कुरा होइन ।

कागजमा एउटा नगरपालिकासँग दमकल हुन सक्छ तर त्यसको इन्जिन बिग्रिएको छ भने ? चालक तत्काल उपलब्ध छैन भने ? पानी भर्ने स्थान टाढा छ भने ? तालिमप्राप्त अग्नि नियन्त्रक छैनन् भने ? साँघुरो गल्लीमा गाडी प्रवेश गर्न सक्दैन भने ?

त्यस्तो दमकल तथ्यांकमा हुन्छ, आगलागीको बेला हुँदैन । नेपालले अब दमकललाई एउटा गाडीका रूपमा होइन, सम्पूर्ण आपत्कालीन प्रणालीका रूपमा बुझ्नुपर्ने बेला आएको छ । दमकलसँग चालक, दक्ष अग्नि नियन्त्रक, नियमित तालिम, सुरक्षाका पोसाक, सञ्चार प्रणाली, पर्याप्त पानी, वैकल्पिक पानीका स्रोत र चौबीसै घण्टा परिचालन हुन सक्ने जनशक्ति जोडिनुपर्छ । त्यसमाथि नेपालको एउटै भूगोल छैन । काठमाडौंको असनमा चाहिने दमकल र तराईको औद्योगिक क्षेत्रमा चाहिने दमकल एउटै प्रकारको नहुन सक्छ । पुराना सहरका गल्लीका लागि साना र छरिता अग्नि नियन्त्रण सवारी उपयोगी हुन सक्छन् । अग्ला भवन बढेका क्षेत्रमा उचाइसम्म पुग्ने भऱ्याङ र उद्धार उपकरण चाहिन्छ । पेट्रोलियम वा रासायनिक पदार्थ राखिने ठाउँमा पानी मात्र



पर्याप्त हुँदैन । हिमाली र पहाडी क्षेत्रमा सडक नपुगेको बस्तीका लागि स्थानीय पानी स्रोत, पोर्टेबल पम्प र समुदायस्तरको तालिम झन् महत्वपूर्ण हुन्छ ।

त्यसैले हरेक पालिकाले 'एउटा दमकल किन्यौं' भनेर जिम्मेवारी पूरा भएको ठान्ने सोच बदल्नुपर्छ । कतिपय साना पालिकाले एक्लाएक्लै दमकल किनेर ग्यारेजमा राख्नुभन्दा दुई-तीन पालिकाको बीचमा सुविधासम्पन्न अग्नि नियन्त्रण केन्द्र सञ्चालन गर्नु प्रभावकारी हुन सक्छ । जोखिम बढी भएका ठाउँ पहिचान गरेर त्यहीअनुसार उपकरण र जनशक्ति राख्न सकिन्छ ।

यसरी हेर्दा जुद्ध वारुण यन्त्रको पुरानो दमकल विगत सम्झाउने वस्तु मात्रै रहँदैन । करिब एक शताब्दीअघि नेपाल गरिब थियो, सडक थिएन, प्रविधिको पहुँच सीमित थियो तैपनि आगलागीको जोखिम देखिएपछि बेलायतबाट दमकल मगाइयो । बाटोले साथ दिएन, मानिसले काँध दिए । पहाडले रोक्यो, पार्टपुर्जा बनाएर पार गरियो ।

आज अवस्था ठीक उल्टो छ । सडक छन् । बजेट छन् । स्थानीय सरकार छन् । प्रविधि संसारभर उपलब्ध छ । सञ्चारको गति सेकेन्डमा झरेको छ तर अझै कुनै बस्तीमा आगो लागेपछि दमकल आउन अर्को पालिका वा अर्को जिल्लाको बाटो हेर्नुपर्ने अवस्था रहन्छ भने हाम्रो प्रगतिमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ । सायद वसन्तपुरमा चुपचाप उभिएको पुरानो दमकलको सबैभन्दा ठूलो महत्व यही हो । उसले अब कुनै आगो निभाउने छैन । उसको साइरन फेरि बज्ला कि नबज्ला, पाङ्ग्रा सडकमा घुम्लान् कि नघुम्लान्, त्यो गौण विषय हो । उसले गर्नुपर्ने नयाँ काम शुरु भइसकेको छ कि हामीलाई आफ्नो इतिहास सम्झाउने ।

कुनै समय मानिसले दमकल बोकेर काठमाडौं ल्याएका थिए । अब प्रश्न दमकल बोक्ने होइन । इतिहासबाट सिकेको जिम्मेवारी हामीले कति बोक्न सक्छौं भन्ने हो ।

Saffron – The World's Most Expensive Spice

P. Pilgrim

Saffron is often described as the most expensive spice in the world. Sometimes referred to as red gold, this precious seasoning has been treasured for thousands of years, not only for its distinctive flavour and beautiful golden colour but also for the extraordinary amount of work required to produce it. A small quantity can cost more than many other spices many times its weight. But what makes saffron so valuable, where does it come from, and how is it produced? Saffron comes from the flower of the Crocus sativus, commonly known as the saffron crocus. Although its precise origins are debated, it has a long history in ancient Persia, present-day Iran, where it was cultivated and used in cooking, medicine, perfumes and dyes. Today, Iran remains the world's largest producer of saffron, although it is also grown in countries such as Afghanistan, India, Spain, Greece and Morocco.



The saffron crocus is a beautiful purple flower which usually blooms in the autumn. Unlike most crops, saffron is not harvested for its leaves, roots or petals, but for the three tiny red threads, known as stigmas, found inside each flower. These delicate threads are the valuable part of the plant and are responsible for distinctive aroma of the saffron, flavour and rich golden-yellow colour. Growing saffron requires patience and careful attention. The bulbs, more accurately called corms, are planted in well-drained soil, usually during the summer months. The plants need plenty of sunshine and relatively dry conditions, although they also require sufficient moisture during their growing season. Once established, the flowers emerge in autumn, often for only a few weeks. The harvesting process is particularly demanding. The flowers must be picked by hand, usually early in the morning before the sun becomes too strong and the delicate flowers begin to wilt. Each flower must then be carefully opened, and its three red stigmas removed by hand. These tiny threads are subsequently dried to preserve their colour, aroma and flavour.

It is this painstaking process which explains the extraordinary price of the saffron. Approximately 150,000 to 200,000 flowers may be required to produce just one kilogram of dried saffron. Think about the enormous amount of time and labour involved in picking so many flowers and separating the tiny threads. There is no easy way to mechanise this delicate work without risking damage to the valuable stigmas. Consequently, saffron can sell for thousands of pounds per kilogram, depending on its quality and origin.

Saffron is a remarkable example of something whose value is determined not simply by its size, but by the effort and care required to produce it. A few tiny threads can bring colour, fragrance and flavour to an entire meal. There is, however, something far more precious than saffron, something whose value cannot be measured in money. It is the salvation of our souls. The Bible tells us that our salvation came at an immeasurable cost. God did not purchase our redemption with gold, silver or precious stones. The price was the life of His beloved Son, the Lord Jesus Christ. 1 Peter 1:18–19 reminds us: "Ye were not redeemed with corruptible things, as silver and gold ... But with the precious blood of Christ, as of a lamb without blemish and without spot."


Think about the cost involved in producing saffron. Thousands upon thousands of flowers must be gathered to obtain a single kilogram of this precious spice. Yet the cost of our salvation was infinitely greater. God gave His only begotten Son to die upon the cross, bearing the punishment for our sin so that we might be forgiven and receive eternal life. Saffron may be called red gold, but even the most expensive spice in the world cannot compare with the cost of salvation. That price has already been paid. The apostle Paul in Romans 6:23 tells us, "the gift of God is eternal life through Jesus Christ our Lord." The price was high, but for you and I salvation is God's free gift.

What value do you place upon your soul? Have you personally received the gift that cost God so much to give?

pilgrimway101@yahoo.com

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस् ।
तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा ।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाईंहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं ।


न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

Considering studying or working aboard?
Come to Joy International Language Institute
for all levels of
English and Spanish Language Classes
including IELTS, PTE, TOEFL
Improve your conversation skills speaking with a native speaker.
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




कौशल कुमार भट्टराई | कृष्ण लम्साल | पिएमणि भट्टराई | हरि शरण जमकटेल | गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई** (९८५११३८२३७)
सम्पादक : **कृष्ण लम्साल** (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : **पिएमणि भट्टराई** (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

मननीय कुरा

"सपना देखेर मात्र सफलता प्राप्त हुँदैन, त्यसका लागि साहस, मेहनत र निरन्तर प्रयास आवश्यक हुन्छ।" – नेल्सन मण्डेला

"महान् काम गर्नका लागि हामीले आफूले गर्ने कामलाई प्रेम गर्नुपर्छ।" – स्टिभ जब्स

"कठिनाइले मानिसलाई बलियो बनाउँछ, संघर्षले उसको वास्तविक क्षमता चिनाउँछ।" – हेलेन केलर

"आफ्नो भविष्यको भविष्यवाणी गर्ने सबैभन्दा राम्रो उपाय आफैंले त्यसलाई निर्माण गर्नु हो।" – अब्राहम लिंकन

सम्पादकीय

तिहारमा फूलको विकल्पले प्रदूषण

तिहार उज्यालो, उमङ्ग र आत्मीयताको पर्व हो। घरआँगनमा सयपत्री र मखमलीका माला सजिँदा, दियो बल्दा र फूलको सुगन्ध फैलिँदा मात्रै तिहारको मौलिकता झल्किन्छ। पछिल्ला वर्षहरूमा तिहारको यही मौलिक दृश्यमा एउटा अस्वाभाविक प्रवृत्ति थपिँदै गएको छ कि प्राकृतिक फूलको सट्टा प्लास्टिकका कृत्रिम फूलले बजार र घर सजाउने चलन। यस वर्षको तिहारमा पनि काठमाडौं उपत्यकादेखि देशका विभिन्न स्थानसम्म कृत्रिम फूलको कारोबार भएको देखियो। काठमाडौं महानगरपालिकाले समेत प्लास्टिकजन्य कृत्रिम फूलको प्रयोग तथा बिक्री वितरण नगर्न आग्रह गर्दै त्यसो गरेको पाइएमा कारबाही गर्ने चेतावनीसहित सूचना जारी गरेको थियो। यस्ता आग्रह र चेतावनीका बाबजुद बजारमा कृत्रिम फूलको उपस्थिति कम भएन। अझ विडम्बना त नेपाली किसानले उत्पादन गरेका प्राकृतिक फूल बिक्री नभएर खेर जाने अवस्था देखिँदा प्लास्टिकका फूल भने आकर्षक सजावटका नाममा किनबेच भइरहनु हो। यो केवल उपभोक्ताको रोजाइमा आएको परिवर्तन मात्र होइन, हाम्रो सांस्कृतिक चेतना, वातावरणीय जिम्मेवारी र स्वदेशी उत्पादनप्रतिको व्यवहारसँग जोडिएको विषय हो। फूलको सुन्दरता त्यसको चमकमा मात्र हुँदैन, त्यसले बोकेको प्राकृतिक सुगन्ध, ताजापन र उत्पादनमा जोडिएको किसानको श्रममा पनि हुन्छ। बजारमा कृत्रिम वस्तुको आकर्षण बढ्दै जाँदा प्रकृतिसँग जोडिएको हाम्रो परम्परालाई नै विस्तारै विस्थापित गर्ने जोखिम बढेको छ।

प्लास्टिकका कृत्रिम फूल प्रयोग गर्नु तत्कालका लागि सस्तो, टिकाउ र सुविधाजनक लाग्न सक्छ। एकपटक किनेपछि पटकपटक प्रयोग गर्न सकिने भएकाले कतिपय उपभोक्ताले यसलाई आर्थिक दृष्टिले पनि उपयुक्त ठान्न सक्छन्। तर यसको अर्को पाटो निकै गम्भीर छ। प्लास्टिकबाट बनेका यस्ता सामग्री प्रयोगपछि फोहोरका रूपमा फालिन्छन् र सहजै कुहिएर माटोमा मिसिँदैनन्। लामो समयसम्म वातावरणमा रहने यस्ता पदार्थले माटो, पानी र समग्र पारिस्थितिक प्रणालीमा प्रदूषणको जोखिम बढाउँछन्। अझ सजावटका लागि प्रयोग गरिएका कृत्रिम फूलसँगै आउने प्लास्टिकका डोरी, तार र अन्य सामग्रीले फोहोर व्यवस्थापनलाई थप जटिल बनाउँछन्। अर्कोतर्फ, नेपाली किसानले उत्पादन गरेका फूल बजार नपाउनुको अर्थ एउटा किसानको आम्दानी घट्नु मात्र होइन। फूलखेतीमा लगानी भएको श्रम, समय, बीउ, मल, सिँचाइ र ढुवानीको लागत खेर जानु हो। यसले स्वदेशी उत्पादनप्रतिको बजार विश्वास कमजोर बनाउँछ र भविष्यमा फूलखेती विस्तार गर्न चाहने किसानलाई समेत निरुत्साहित गर्छ। हामीले चाडपर्वमा प्रयोग गर्ने एउटा कृत्रिम फूलले विदेशबाट आयातित वस्तुको व्यापार बढाउन सक्छ भने त्यसको सट्टा किनिएको एउटा प्राकृतिक मालाले नेपाली किसानको घरमा आम्दानी पुऱ्याउन सक्छ। यस अर्थमा उपभोक्ताको सामान्य देखिने एउटा निर्णयले पनि राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक वा नकारात्मक प्रभाव पारिरहेको हुन्छ। त्यसैले कृत्रिम फूलको प्रयोगलाई केवल व्यक्तिगत रुचिको विषय मानेर बेवास्ता गर्न मिल्दैन।

अब प्रश्न उठ्छ, नेपाली फूल उत्पादन भइरहेका बेला हामी किन आफ्नै उत्पादनलाई प्राथमिकता दिन सकिरहेका छैनौं ? यसको उत्तर उपभोक्ताको चेतनामा मात्र खोजेर पुग्दैन। स्वदेशी उत्पादनलाई बजारसम्म पुऱ्याउने व्यवस्था, बिक्री वितरणको सहजता, मूल्यको स्थिरता र उपभोक्तामा वातावरणमैत्री बस्तु छनोट गर्ने बानी विकास गर्न पनि आवश्यक छ। स्थानीय सरकारहरूले कृत्रिम प्लास्टिकजन्य फूलको प्रयोग निरुत्साहित गर्ने सूचना जारी गर्नु सकारात्मक कदम हो, तर सूचना र चेतावनीले मात्र बजारको प्रवृत्ति बदलिँदैन। त्यसका लागि अनुगमनसँगै प्राकृतिक फूलको उत्पादन, संकलन, ढुवानी र बिक्रीलाई सहज बनाउने नीति तथा व्यवहार आवश्यक छ। व्यापारीले पनि बढी नाफा हुने वस्तु मात्र होइन, समाज र वातावरणप्रतिको दायित्वलाई ध्यान दिनुपर्छ। उपभोक्ताले पनि क्षणिक आकर्षण र सुविधाभन्दा स्वदेशी उत्पादन तथा वातावरणीय प्रभावलाई महत्त्व दिन सक्नुपर्छ। चाडपर्वको वास्तविक सौन्दर्य बजारमा सजाइएका चम्किला वस्तुमा होइन, त्यसले समाज, प्रकृति र अर्थतन्त्रसँग जोड्ने सम्बन्धमा हुन्छ। आफ्नै माटोमा फुलेका फूललाई बेवास्ता गरेर प्लास्टिकका फूलले घर सजाउनु आधुनिकता होइन, आफ्नै उत्पादन र प्रकृतिप्रतिको उदासीनता हो। तिहारमा नेपाली फूल रोज्नु किसानको श्रमको सम्मान गर्नु हो, वातावरण जोगाउनु हो र स्वदेशी अर्थतन्त्रलाई बलियो बनाउनु पनि हो। त्यसैले अब हाम्रा चाडपर्वमा प्लास्टिकको कृत्रिम चमकभन्दा नेपाली फूलको प्राकृतिक सुगन्ध फैलाउने संस्कार विकास गर्नुपर्छ। आखिर आफ्नै देशमा फुलेका फूलले घर मात्र होइन, देशको अर्थतन्त्र र भविष्यसमेत सुगन्धित बनाउन सक्छन्।

स्वदेशी मल प्रयोग गरौं, पशुपालन र कृषि उत्पादन बढाऔं

विष्णु प्रसाद काफ्ले

१. माटो बचाउने राष्ट्रिय अभियान

नेपाल कृषि प्रधान देश हो। यहाँका अधिकांश नागरिकको जीवन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि, पशुपालन र कृषि व्यवसायसँग जोडिएको छ। हाम्रो देशमा प्रशस्त खेतीयोग्य जमिन, पानीका स्रोत, वनजङ्गल, पशुपालनको सम्भावना र श्रमशक्ति हुँदाहुँदै पनि हामीले कृषि उत्पादनमा अपेक्षित आत्मनिर्भरता हासिल गर्न सकेका छैनौं।

हरेक वर्ष ठूलो रकम खर्च गरेर रासायनिक मल, विषादी तथा अन्य कृषि सामग्री विदेशबाट आयात गर्नुपर्ने अवस्था छ। अर्कोतर्फ गाउँघरमा उपलब्ध गाईभैंसीको गोबर, गाईवस्तुको पिसाब, पातपतिङ्गर, कृषि अवशेष र जैविक फोहोरको पूर्ण सदुपयोग हुन सकेको छैन।

हामीले आफ्नै गाउँघरमा उपलब्ध स्रोत र साधनलाई उपयोग गर्न सक्यौं भने कृषि उत्पादन बढाउन, माटोको स्वास्थ्य सुधार गर्न, किसानको लागत घटाउन र रोजगारी सिर्जना गर्न ठूलो योगदान पुग्न सक्छ।

त्यसैले अब समय आएको छ कि स्वदेशी मल उत्पादन र प्रयोगलाई व्यक्तिगत प्रयासमा मात्र सीमित नराखी राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउने।

२. पशुपालन र गँड्यौला मल उत्पादन

नेपालको कृषि विकासका लागि पशुपालन र खेतीपातीलाई अलग-अलग व्यवसायका रूपमा होइन, एकअर्काका परिपूरक व्यवसायका रूपमा विकास गर्न आवश्यक छ। गाई, भैंसी, बाख्रा तथा अन्य पशुपालनबाट प्राप्त हुने गोबर र जैविक अवशेषलाई व्यवस्थित रूपमा सङ्कलन गरी गँड्यौला मल उत्पादन गर्न सकिन्छ।

गँड्यौलाको सहायतालै कुहिने जैविक पदार्थलाई प्रशोधन गरी गुणस्तरीय जैविक मल तयार गर्न सकिन्छ। यसबाट किसानले आफ्नै खेतबारीका लागि मल उत्पादन गर्न सक्छन् भने अतिरिक्त उत्पादन बिक्री गरेर आम्दानीसमेत गर्न सक्छन्। यसले तीनवटा महत्वपूर्ण उपलब्धि हासिल गर्न सहयोग गर्छ।

१. पशुपालनबाट प्राप्त हुने गोबर तथा जैविक फोहोरको सदुपयोग हुन्छ।

२. गँड्यौला मल उत्पादनमार्फत नयाँ कृषि उद्यम तथा रोजगारी सिर्जना हुन्छ।

३. किसानले स्थानीय स्तरमै उपलब्ध हुने जैविक मल प्रयोग गर्न पाउँछन्।

यसरी पशुपालन, गँड्यौला पालन, जैविक मल उत्पादन र खेतीपातीलाई एउटै चक्रमा जोड्न सकियो भने ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ।

३. गँड्यौला मल : माटोको स्वास्थ्य सुधार्ने प्राकृतिक विकल्प

माटो नै कृषि उत्पादनको आधार हो। माटो स्वस्थ भएन भने दीर्घकालीन रूपमा कृषि उत्पादनलाई दिगो बनाउन कठिन हुन्छ।

वर्षौंदेखि रासायनिक मलको असन्तुलित प्रयोग, माटोको परीक्षण नगरी मलखाद हाल्ने प्रवृत्ति, जैविक पदार्थको कमी र अव्यवस्थित खेती प्रणालीले धेरै ठाउँमा माटोको गुणस्तरमा समस्या सिर्जना गरेको छ।

गँड्यौला मल माटोमा जैविक पदार्थ थप्ने महत्वपूर्ण माध्यम हो। यसको उचित प्रयोगले माटोको संरचना सुधार्न, पानी धारण गर्ने क्षमता बढाउन, माटोमा लाभदायक सूक्ष्मजीवको गतिविधिलाई सहयोग गर्न र बालीलाई आवश्यक पोषक तत्त्व उपलब्ध गराउन मद्दत गर्छ। यसको प्रयोगले निम्न क्षेत्रमा सकारात्मक योगदान दिन सक्छ। माटोमा जैविक पदार्थको मात्रा सुधार गर्न। माटोको संरचना र उर्वराशक्ति कायम राख्न। माटोमा पानी धारण गर्ने क्षमता बढाउन। बरुवाको जरा विकासमा सहयोग गर्न। माटोको जैविक गतिविधि बढाउन। रासायनिक मलको असन्तुलित प्रयोग घटाउन। प्रत्येक बाली, माटो र मौसमको आवश्यकता फरक हुने भएकाले माटो परीक्षण तथा कृषि प्राविधिकको सल्लाहअनुसार मलको मात्रा निर्धारण गर्नु आवश्यक छ।

४. स्वस्थ उत्पादन र स्वास्थ्य

हामीले दैनिक उपभोग गर्ने तरकारी, फलफूल, अन्न तथा अन्य खाद्यवस्तुको गुणस्तर हाम्रो स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ।

कृषिमा अनावश्यक तथा अव्यवस्थित रूपमा रासायनिक विषादी प्रयोग गर्दा किसान, उपभोक्ता र वातावरणमा जोखिम उत्पन्न हुन सक्छ। विषादीको गलत प्रयोग, तोकिएको मात्रा र समयको पालना नगर्नु तथा आवश्यक प्रतीक्षा अवधि पूरा नगरी बाली बजारमा पठाउनु गम्भीर समस्या हुन्। त्यसैले कृषि उत्पादनमा सुरक्षित अभ्यास अपनाउनुपर्छ। गँड्यौला मल तथा अन्य प्राङ्गारिक मलको प्रयोग बढाउँदै एकीकृत शत्रुजीव व्यवस्थापन, जैविक कीटनाशकको उचित प्रयोग, बाली चक्र, माटो परीक्षण र सुरक्षित खेती प्रणालीलाई प्राथमिकता दिनुपर्छ।

यहाँ बुझ्नुपर्ने कुरा के हो भने जैविक मल प्रयोग गर्दैमा सबै विषादी स्वतः आवश्यकताविहीन हुँदैनन्। उचित कृषि व्यवस्थापनबाट अनावश्यक रासायनिक प्रयोग घटाउन तथा सुरक्षित खाद्यान्न उत्पादनमा योगदान पुऱ्याउन सकिन्छ। हाम्रो लक्ष्य केवल धेरै उत्पादन गर्नु मात्र होइन, गुणस्तरीय, सुरक्षित र वातावरणमैत्री खाद्यान्न उत्पादन गर्नु पनि हुनुपर्छ। किसानको खेतमा उत्पादन हुने खाद्यान्न नागरिकको भान्सासम्म पुग्छ। त्यसैले खेतको स्वास्थ्य र नागरिकको स्वास्थ्यबीच गहिरो सम्बन्ध छ।

५. पशुपालनबाट दोहोरो आम्दानी

ग्रामीण क्षेत्रमा पशुपालनलाई व्यवस्थित व्यवसायका रूपमा विकास गर्न सके किसानले दूध, मासु, अण्डा तथा पशु बिक्रीबाट आम्दानी गर्न सक्छन्।

त्यससँगै पशुपालनबाट निस्कने गोबर तथा अन्य जैविक पदार्थलाई मल उत्पादनमा प्रयोग गर्न सकिन्छ।

उदाहरणका लागि, एउटा किसानले गाईभैंसी पालनसँगै तरकारी खेती र गँड्यौला मल उत्पादनलाई जोड्न सक्छ। पशुबाट प्राप्त गोबर मल उत्पादनमा प्रयोग हुन्छ, मल खेतबारीमा प्रयोग हुन्छ र खेतबाट उत्पादन भएको घाँस तथा कृषि अवशेष पशु आहार र मल उत्पादनका लागि पुनः उपयोग गर्न सकिन्छ। यो एक प्रकारको चक्रीय कृषि प्रणाली हो। यसरी किसानले एउटै जमिन र स्रोतबाट विभिन्न प्रकारका आम्दानीका अवसर सिर्जना गर्न सक्छन्। अब पशुपालनलाई परम्परागत निर्वाहमुखी पेसाबाट आधुनिक, व्यावसायिक र उत्पादनमुखी व्यवसायमा रूपान्तरण गर्न आवश्यक छ।

६. मल उद्योग र रोजगारी

नेपालमा गँड्यौला मल उत्पादनलाई उद्योगका रूपमा विकास गर्ने प्रशस्त सम्भावना छ।

स्थानीय तह, सहकारी संस्था, कृषक समूह, युवा उद्यमी र निजी क्षेत्रको सहभागितामा गाउँगाउँमा जैविक मल उत्पादन केन्द्र स्थापना गर्न सकिन्छ। यसबाट निम्न अवसर सिर्जना गर्न सकिन्छ।

- बेरोजगार युवालाई स्थानीय स्तरमै रोजगारी।
- महिला समूहलाई आयआर्जनको अवसर।
- पशुपालक किसानको गोबरको व्यावसायिक उपयोग।
- कृषि फोहोरको उचित व्यवस्थापन।
- स्वदेशी मल उत्पादन उद्योगको विकास।
- कृषि सामग्रीको आयात निर्भरता घटाउन सहयोग।
- किसान र उपभोक्ताबीच स्वस्थ उत्पादनको बजार विस्तार।
- सरकारले उत्पादन केन्द्र स्थापना गर्न आवश्यक प्राविधिक सहयोग, तालिम, गुणस्तर परीक्षण, अनुदान तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सके यस क्षेत्रले ठूलो आर्थिक सम्भावना बोकेको छ।
- विशेषगरी स्थानीय तहले आफ्नो पालिकाभित्र उपलब्ध गोबर, कृषि अवशेष र जैविक फोहोरको तथ्याङ्क सङ्कलन गरी उत्पादन केन्द्र स्थापनाको योजना बनाउन सक्छन्।

७. आयात निर्भरता घटाउने

नेपालले प्रत्येक वर्ष कृषि उत्पादनका लागि आवश्यक मलको ठूलो हिस्सा आयात गर्नुपर्ने अवस्था छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य वृद्धि, आपूर्ति अवरोध र ढुवानी समस्याले किसानलाई प्रत्यक्ष असर पार्ने गरेको छ। हामीले तत्कालै रासायनिक मल पूर्ण रूपमा विस्थापन गर्न सक्दैनौं। माटोको आवश्यकता, बालीको प्रकृति र उपलब्ध जैविक स्रोतका आधारमा सन्तुलित मल व्यवस्थापन अपनाउन सक्छौं। यसका लागि तीनवटा महत्वपूर्ण रणनीति आवश्यक छन्।

पहिलो : स्थानीय स्रोतबाट जैविक मल उत्पादन बढाउने।

दोस्रो : माटो परीक्षणका आधारमा आवश्यक रासायनिक तथा जैविक मलको सन्तुलित प्रयोग गर्ने।

तेस्रो : स्वदेशी मल उद्योगलाई गुणस्तर, प्रविधि र बजारसँग जोड्ने।

यसरी अघि बढ्न सके मलको आयात निर्भरता क्रमशः घटाउन र कृषि उत्पादनको लागत व्यवस्थापन गर्न सहयोग पुग्न सक्छ।

८. सहकार्य आवश्यक

यो अभियान कुनै एउटा व्यक्ति, संस्था वा व्यवसायको मात्र जिम्मेवारी होइन। यसमा तीनै तहका सरकार, कृषि सहकारी, निजी क्षेत्र, अनुसन्धान संस्था, कृषि प्राविधिक र किसानको संयुक्त भूमिका आवश्यक छ।

सरकारले जैविक मल उत्पादनसम्बन्धी स्पष्ट नीति, गुणस्तर मापदण्ड र उत्पादन प्रवर्द्धन कार्यक्रम ल्याउनुपर्छ।

स्थानीय तहले किसानलाई तालिम, गँड्यौला वितरण, प्राविधिक परामर्श तथा उत्पादन केन्द्र स्थापनामा सहयोग गर्नुपर्छ।

निजी क्षेत्रले आधुनिक प्रविधि, उत्पादन, प्याकेजिङ, बजार व्यवस्थापन र बिक्री वितरणमा लगानी गर्नुपर्छ।

सहकारी संस्थाले किसानलाई संगठित गरी उत्पादन, सङ्कलन र बजारसम्म पुऱ्याउने काम गर्न सक्छन्। कृषि अनुसन्धान तथा प्राविधिक संस्थाले गँड्यौला मलको गुणस्तर, पोषक तत्त्व, प्रयोग विधि र विभिन्न बालीमा यसको प्रभावबारे वैज्ञानिक अध्ययन गर्नुपर्छ।

यसरी सबै पक्ष एकजुट भएमा स्वदेशी जैविक मलको प्रयोगलाई व्यापक बनाउन सकिन्छ।

९. उत्पादनसँगै बजारको सुनिश्चितता

किसानले उत्पादन गरेपछि उचित मूल्यमा बिक्री गर्न नपाउनु नेपालको कृषि क्षेत्रको अर्को ठूलो समस्या हो। जैविक मल उत्पादन गर्ने किसान तथा उद्यमीलाई पनि उत्पादनपछि बजारको सुनिश्चितता आवश्यक हुन्छ। त्यसका लागि स्थानीय तहमा उत्पादित मललाई ब्रान्डिङ, प्याकेजिङ, गुणस्तर परीक्षण र बजार व्यवस्थापनसँग जोड्नुपर्छ।

कृषि सामग्री बिक्री केन्द्र, सहकारी, नर्सरी, फलफूल तथा तरकारी उत्पादक समूह र व्यावसायिक किसानसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्न सकिन्छ। उत्पादनको गुणस्तर सुनिश्चित गरी बजारमा विश्वास स्थापित गर्न सकियो भने स्वदेशी मलले पनि प्रतिस्पर्धात्मक बजार पाउन सक्छ।

१०. भावी पुस्ता र स्वस्थ माटो

आज हामीले माटोको स्वास्थ्यप्रति बेवास्ता गर्‍यौं भने भोलिका पुस्ताले त्यसको असर भोग्नुपर्ने हुन्छ। जमिनको उर्वराशक्ति कायम राख्नु, पानीका स्रोत जोगाउनु, कृषि जैविक विविधता संरक्षण गर्नु र वातावरणमैत्री खेती प्रणाली विकास गर्नु हाम्रो साझा दायित्व हो। हामीले आफ्नै देशमा उत्पादन गर्न सकिने वस्तु पनि विदेशबाट आयात गर्ने अवस्था अन्त्य गर्न उत्पादनमुखी सोच विकास गर्नुपर्छ।

गाउँमा पशुपालन बढाऔं, गोबरको सदुपयोग गरौं, गँड्यौला मल उत्पादन गरौं, खेतबारीमा जैविक पदार्थको प्रयोग बढाऔं र वैज्ञानिक कृषि प्रणाली अपनाऔं।

यसले किसानको आर्थिक अवस्था सुधार्न, स्थानीय रोजगारी सिर्जना गर्न, वातावरण संरक्षण गर्न र सुरक्षित खाद्यान्न उत्पादनमा सहयोग पुऱ्याउन सक्छ।



११. कृषि क्रान्ति गरौं

नेपाललाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन ठूला भाषणभन्दा व्यवहारिक कार्यक्रम आवश्यक छ। हरेक गाउँपालिकामा जैविक मल उत्पादन केन्द्र स्थापना गर्ने, प्रत्येक कृषक समूहलाई गँड्यौला मल उत्पादनसम्बन्धी तालिम दिने, पशुपालन र कृषि खेतीलाई एकीकृत गर्ने तथा उत्पादित मलको गुणस्तर र बजार सुनिश्चित गर्ने अभियान सञ्चालन गर्नुपर्छ। विद्यालयदेखि विश्वविद्यालयसम्म माटोको स्वास्थ्य, जैविक मल, पशुपालन र वातावरण संरक्षणसम्बन्धी जनचेतना विस्तार गर्नुपर्छ।

स्थानीय सरकारको नीति तथा कार्यक्रममा स्वदेशी मल उत्पादन र प्रयोगलाई प्राथमिकता दिनुपर्छ। हाम्रो सानो प्रयासले ठूलो परिवर्तन ल्याउन सक्छ। एउटा किसानले गँड्यौला मल उत्पादन शुरु गर्दा अर्को किसान प्रेरित हुन सक्छ। एउटा गाउँमा उत्पादन केन्द्र स्थापना हुँदा अर्को गाउँले पनि त्यसको अनुकरण गर्न सक्छ। यसरी गाउँबाट शुरु भएको अभियान राष्ट्रिय अभियान बन्न सक्छ।

समग्रमा भन्नुपर्दा स्वस्थ माटोबाट समृद्ध नेपालको निर्माण गर्न सकिन्छ। कृषि केवल अन्न उत्पादन गर्ने पेसा मात्र होइन, यो देशको खाद्य सुरक्षा, आर्थिक विकास, रोजगारी, वातावरण संरक्षण र नागरिकको स्वास्थ्यसँग जोडिएको राष्ट्रिय आधार हो। पशुपालनबाट प्राप्त गोबरलाई खेर जान नदिई गँड्यौला मल उत्पादनमा उपयोग गर्ने, स्वदेशी जैविक मलको गुणस्तर कायम गर्ने, माटो परीक्षणका आधारमा सन्तुलित मल प्रयोग गर्ने र सुरक्षित कृषि उत्पादनलाई प्राथमिकता दिने हो भने नेपालको कृषि क्षेत्रलाई नयाँ दिशामा अगाडि बढाउन सकिन्छ।

हामीले आजैदेखि स्वदेशी स्रोतको सदुपयोग गर्नुपर्छ। किसानलाई सम्मान, पशुपालनलाई प्रोत्साहन, जैविक मल उद्योगलाई संरक्षण र स्वस्थ खाद्यान्न उत्पादनलाई प्राथमिकता दिनुपर्छ। हामी सबैको साझा प्रतिबद्धता हुनुपर्छ कि विदेशी मलमाथिको निर्भरता घटाऔं, स्वदेशी मल उत्पादन बढाऔं, माटोको स्वास्थ्य जोगाऔं र भावी पुस्ताका लागि स्वस्थ वातावरण निर्माण गरौं। स्वदेशी मल प्रयोग गर्ने संस्कार बसालौं। पशुपालन र गँड्यौला मल उत्पादनलाई कृषि अर्थतन्त्रको आधार बनाऔं। किसानलाई समृद्ध, नागरिकलाई स्वस्थ र नेपाललाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने अभियानमा हातेमालो गरौं।

हाम्रो राष्ट्रिय अभियानका मुख्य नारा

१. स्वदेशी मल प्रयोग गरौं, देशको धन देशमै राखौं।

२. पशुपालन बढाऔं, गँड्यौला मल उत्पादन गरौं।

३. माटो बचाऔं, किसान जोगाऔं, नागरिकको स्वास्थ्य सुधारौं।

४. गोबर र जैविक फोहोर खेर नफालौं, मल बनाएर खेतबारीमा हालौं।

५. स्वस्थ माटो, स्वस्थ बाली, स्वस्थ नागरिक र समृद्ध नेपाल।

६. किसानको खेतदेखि नागरिकको भान्सासम्म सुरक्षित खाद्यान्न पुऱ्याऔं।

७. स्वदेशी उत्पादन हाम्रो पहिचान, कृषि आत्मनिर्भरता हाम्रो अभियान।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

शेयर बजार घट्नुपर्ने कारण छ र ?

ऋषव गौतम

शेयर बजारमा मूल्य घट्नु एउटा पक्ष हो, लगानीकर्ताको मनोबल घट्नु त्योभन्दा ठूलो समस्या हो। पछिल्लो समय नेपाली शेयर बजारले भोगिरहेको मुख्य समस्या पनि यही हो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको नयाँ सरकार गठन भएपछि शुरुवाती दिनमा सरकारका केही कदम र कार्यशैलीले बजारमा आशाभन्दा बढी अन्योल र त्रास सिर्जना गरेको देखिन्थ्यो। समयक्रमसँगै अर्थतन्त्रका समस्या, बजारको गतिहीनता, बढ्दो जनअपेक्षा र सरकार स्वयंले हासिल गर्दै गएको अनुभवले बजारमैत्री वातावरण निर्माण गर्न दबाब बढायो। फलतः सरकारले पछिल्लो समय पुँजी बजार सुधारका लागि विभिन्न नीतिगत प्रयास अघि सारेको छ।

व्यवसायी र लगानीकर्ताको मनोबल उकास्ने उद्देश्यले केही नीतिगत सुधार पनि भएका छन्। शेयर बजारमा सूचीकृत वाणिज्य बैंक, विकास बैंक, फाइनान्स कम्पनी, लघुवित्त, म्युचुअल फन्ड तथा कतिपय ऊर्जा कम्पनी लाभांश वितरण गर्न सक्ने अवस्थामा देखिएका छन्। यसले बजार पूर्ण रूपमा कमजोर आधारमा उभिएको छैन भन्ने संकेत गर्छ।

शेयरको मूल्य घट्दा लगानीकर्ताको सम्पत्तिको मूल्य घट्छ तर विश्वास घट्यो भने बजारमा पैसा हुँदाहुँदै पनि कारोबार सुस्ताउँछ। अवसर देखिए पनि लगानीकर्ता रोकिँदा वास्तविक लगानीकर्ता डराउने होइन, अझ सुरक्षित महसुस गर्ने वातावरण बन्नुपर्छ।

वास्तवमा शेयर बजारलाई लिएर नेपालमा वैचारिक बहस पनि पुरानै हो। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले कुनै बेला शेयर बजारलाई पुँजीवादी अर्थव्यवस्थासँग जोडेर दिएको अभिव्यक्ति निकै चर्चित बनेको थियो। गरिबी, बेरोजगारी र आधारभूत आवश्यकताबाट वञ्चित नागरिकको ठूलो संख्या भएको मुलुकमा शेयर बजार मात्रै सरकारको पहिलो प्राथमिकता हुन सक्दैन भन्ने तर्कमा आफ्नै आधार छ। यसको अर्को पाटो पनि छ। नेपालले उदारीकरण, निजीकरण र खुला अर्थतन्त्र स्वीकार गरिसकेको छ। निजी क्षेत्रलाई अलग राखेर विकास, रोजगारी र समृद्धिको कल्पना गर्न सकिँदैन। त्यसैले पुँजी निर्माणका लागि व्यवस्थित शेयर बजार आवश्यक हुन्छ। आवश्यक कुरा चरम पुँजीवाद वा नियन्त्रणविहीन बजार होइन; सामाजिक न्याय र उत्पादनसँग जोडिएको सन्तुलित पुँजीवादी अर्थव्यवस्था हो। त्यस्तो व्यवस्थामा राष्ट्रिय पुँजीको विकास हुनुपर्छ, वास्तविक उद्यमीले अवसर पाउनुपर्छ र साना लगानीकर्ता ठूला खेलाडीको चलखेलबाट सुरक्षित हुनुपर्छ।

त्यसैले शुरुवाती दिनमा सरकारले बजारभित्रका गलत गतिविधि नियन्त्रण गर्न र लगानीकर्ताको सहभागिता विस्तार गर्ने सोच सकारात्मक भए पनि यसको वास्तविक परीक्षा कार्यान्वयनमै हुनेछ।

अर्थतन्त्र र शेयर बजारको सम्बन्ध

शेयर बजार अर्थतन्त्रभन्दा अलग टापु होइन। बैंकको ब्याजदर, कर्जा प्रवाह, निजी क्षेत्रको लगानी, उपभोग, सरकारी खर्च र सूचीकृत कम्पनीहरूको नाफाले यसको दिशालाई प्रभावित गर्छन्। त्यसैले अर्थतन्त्र कमजोर हुँदा शेयर बजार सधैं बलियो रहन्छ भन्न सकिँदैन, न त शेयर बजार घट्दैमा समग्र अर्थतन्त्र समाप्त भयो भन्न मिल्छ।

अहिले बैंकिङ प्रणालीमा पर्याप्त लगानीयोग्य रकम रहेको अवस्था छ। ब्याजदर पनि विगतको तुलनामा न्यून तहमा आएको छ। वित्तीय प्रणालीमा रहेको ठूलो रकम उत्पादन, व्यापार, पर्यटन, ऊर्जा, पूर्वाधार र अन्य आर्थिक गतिविधिमा परिचालित हुन सक्यो भने त्यसले समग्र अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गर्छ।

आर्थिक गतिविधि बढ्दा कम्पनीको व्यापार बढ्छ। आम्दानी बढ्न सक्छ। नाफामा सुधार आउन सक्छ। त्यसको प्रभाव शेयर बजारमा देखिने हो। अहिले चाडपर्वको मौसमसमेत शुरु भएको छ। दशैं, तिहार, छठ र नेपाल संवत्का अवसरमा बजारमा उपभोग र कारोबार उल्लेख्य रूपमा बढ्छ। नेपालमा चाडपर्वसँग जोडिएको कारोबार निकै ठूलो



प्रतिवेदन हुन सक्ने व्यवस्था र त्यस्तो कारोबारलाई स्वतः अवैध वा शंकास्पद ठहर गरिनु एउटै कुरा होइन। वैध स्रोतबाट आर्जित रकम शेयर बजारमा लगानी गरिएको छ भने केवल कारोबारको आकार ठूलो भएकै कारण लगानीकर्ता त्रसित हुनुपर्ने अवस्था हुँदैन। बैंक तथा वित्तीय क्षेत्रका जानकारहरूले पनि यस विषयमा स्पष्ट पार्दै आएका छन् कि सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्थाको उद्देश्य अवैध स्रोतबाट आएको रकम पहिचान गर्नु हो, वैध लगानीलाई निरुत्साहित गर्नु होइन।

बरु यस्तो व्यवस्थाले वित्तीय पारदर्शिता बढाउन सक्छ। अवैध पैसा बजारमा प्रवेश गर्न नदिने र वास्तविक लगानीकर्तालाई सुरक्षित वातावरण दिने हो भने दीर्घकालमा त्यसले बजारलाई नै बलियो बनाउँछ। समस्या नियममा भन्दा त्यसबारे फैलने गलत सूचनामा हुन सक्छ। त्यसैले नियमनसँगै स्पष्ट सूचना प्रवाह पनि उत्तिकै आवश्यक छ।

बजार घट्नुपर्ने कारण छ र ?

शेयर बजार अब घट्दै घट्दैन भनेर ठोकुवा गर्नु आफैंमा गलत हुन्छ। शेयर बजारको प्रकृति नै उतारचढावपूर्ण हुन्छ। बाह्य आर्थिक धक्का, राजनीतिक अस्थिरता, नीतिगत परिवर्तन, कम्पनीको कमजोर वित्तीय अवस्था वा लगानीकर्ताको मनोविज्ञानले जुनसुकै बेला बजार प्रभावित हुन सक्छ।

प्रश्न अर्को पनि छ, त्यो के भने अहिले बजारलाई सकारात्मक दिशातर्फ लैजान सक्ने आधार छन् कि छैनन् ? सरकारले पुँजी बजार सुधारका कार्यक्रम अघि सारेको छ। ब्याजदर विगतको तुलनामा न्यून छ। वित्तीय प्रणालीमा लगानीयोग्य स्रोत पर्याप्त छ। चाडपर्व र आर्थिक गतिविधिले बजारमा पैसाको प्रवाह बढाउने सम्भावना छ। सरकार नियामकीय सुधारतर्फ अघि बढिरहेको छ। यी आधारलाई निजी क्षेत्रको लगानी, उत्पादन, रोजगारी र सूचीकृत कम्पनीहरूको नाफा वृद्धिसँग जोड्न सकियो भने शेयर बजारले बलियो आधार पाउन सक्छ।

लगानीकर्ताले एउटा तथ्य बिर्सनु हुँदैन कि नेप्से बढ्नु र आफूले किनेको प्रत्येक कम्पनीको शेयर बढ्नु एउटै कुरा होइन। बजारमा सबै कम्पनी समान छैनन्। राम्रो वित्तीय अवस्था भएको कम्पनी र कमजोर कम्पनीलाई एउटै नजरले हेर्न मिल्दैन। त्यसैले लगानी गर्दा कम्पनीको आम्दानी, प्रतिशेयर आम्दानी, सञ्चित नाफा, लाभांश क्षमता, व्यवस्थापन, ऋणको अवस्था र भविष्यको व्यावसायिक सम्भावना हेर्नुपर्छ। बजारप्रति आशावादी हुनु एउटा कुरा हो, जोखिमलाई बेवास्ता गर्नु अर्कै कुरा हो।

अहिलेको अवस्थामा बजारलाई दबाब दिने जोखिम पूर्ण रूपमा सकिएका छैनन्। ब्याजदर, तरलता, नीतिगत सुधार र सरकारबाट आएका पछिल्ला संकेतलाई हेर्दा बजारमा निराशा मात्रै पालिरहनुपर्ने अवस्था पनि देखिँदैन। अब सरकारको काम घोषणालाई कार्यान्वयनमा लैजानु हो भने लगानीकर्ताको जिम्मेवारी हल्लाका पछाडि दौडिनुभन्दा तथ्य र कम्पनीको आधारभूत अवस्था हेरेर निर्णय गर्नु हो।

आखिर शेयर बजार विश्वासमा चल्छ। पैसा बजारमा भएर मात्रै पुग्दैन, त्यो पैसा लगानीमा जाने वातावरण पनि चाहिन्छ। नीति स्पष्ट भयो, नियमन निष्पक्ष भयो, अर्थतन्त्र चलायमान भयो र लगानीकर्ताको विश्वास फर्कियो भने प्रश्न 'बजार किन बढेन ?' भन्ने होइन, 'बजारलाई रोकिरहेको के छ ?' भन्ने हुन सक्छ। (गौतम आर्थिक लेखक तथा विश्लेषक हुन्)



'पर्ख र हेर' को अवस्थामा बस्छन्। नेपालको शेयर बजारले पछिल्ला केही समय यही मनोविज्ञान भोग्दै आएको छ।

२०७८ भदौमा नेप्से परिसूचक ३ हजार १९८ विन्दुको ऐतिहासिक उचाइमा पुगेपछि शुरु भएको गिरावटले लगानीकर्तालाई लामो समय निराश बनायो। उच्च ब्याजदर, तरलताको अभाव, नीतिगत अन्योल र कमजोर मनोबल त्यसबेलाका प्रमुख चुनौती थिए। कर्जाको ब्याजदर दोहोरो अंकमा पुगेपछि शेयर बजारमाथि स्वाभाविक दबाब परेको थियो।

जेनजी आन्दोलनपछिको निर्वाचनबाट नयाँ जनादेश आयो। रास्वपा नेतृत्वमा बालेन्द्र शाहको सरकार बनेपछि राजनीतिक स्थिरता, आर्थिक सुधार र लगानीमैत्री वातावरण बन्ने अपेक्षा गरिएको थियो। सरकार गठनअघिको राजनीतिक घटनाक्रममा बजारले लगातार सकारात्मक सर्किटसमेत देखाएको थियो। नयाँ सरकारले काम शुरु गरेसँगै बजार उल्टै दबाबमा पर्न थाल्यो।

यसको एउटा कारण मनोवैज्ञानिक पनि थियो। बिचौलिया, माफिया र भ्रष्टाचारविरुद्ध कठोर हुने सरकारको घोषणाले बजारभित्र अस्वाभाविक प्रभाव जमाएका समूहलाई सशंकित बनाएको हुन सक्छ। शेयर बजारमा साना तथा सोझा लगानीकर्ताको मनोविज्ञान प्रयोग गरेर फाइदा उठाउने प्रवृत्ति नयाँ होइन। त्यस्ता गतिविधिमाथि नियन्त्रण गरेर बजारलाई स्वच्छ बनाउने प्रयासलाई नकारात्मक मान्न सकिँदैन। नियमन र त्रासबीच स्पष्ट सीमा हुनुपर्छ। गलत प्रवृत्ति खोज्नु आफैंमा खराब कदम होइन। अब भने सरकारको अर्को जिम्मेवारी शुरु भएको छ कि शेयर बजारलाई त्रासको थलो होइन, विश्वसनीय लगानीको प्लेटफर्म बनाउने।

सुधारका संकेत, सम्भावना

सरकारको शुरुवाती महिनामा शेयर बजारले अपेक्षित गति लिन नसके पनि पछिल्ला नीतिगत कदमले केही आशा जगाएका छन्। सरकारले पुँजी बजारलाई चलायमान बनाउने उद्देश्यसहित २१ बुँदे कार्ययोजना अघि सारेको छ। प्राथमिक शेयर निष्कासन (आईपीओ) प्रक्रियालाई सहज बनाउने, नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पुनर्संरचना गर्ने, नयाँ सूचकांक विकास गर्ने, गैरआवासीय नेपालीलाई दोस्रो बजारमा सहभागी गराउने तथा मार्जिन कारोबारलगायतका उपकरणका लागि कानूनी आधार तयार गर्ने विषय यसमा समेटिएका छन्।

पुँजीगत लाभकरमा गरिएको कटौती तथा लगानीकर्ताले लामो समयदेखि उठाउँदै आएका केही माग सम्बोधन गर्ने प्रयासले पनि बजारमा सकारात्मक मनोविज्ञान बनाउन सक्छ। सुधारसम्बन्धी कार्ययोजना सार्वजनिक भएपछि एकै दिन नेप्से ४८.५७ अंकले बढ्नु र कारोबार रकम ८ अर्ब २९ करोड रुपियाँ पुग्नुले पनि एउटा कुरा देखायो कि शेयर बजार अंक र पैसाले मात्र होइन, नीतिप्रतिको विश्वासले पनि चल्छ।

योजना घोषणा हुनु र कार्यान्वयन हुनु फरक कुरा हुन्। अहिले अघि सारिएका सबै सुधार व्यवहारमा आइसकेका छैनन्। बजारको संरचना सुधार्ने, लगानीका नयाँ उपकरण थप्ने हुने अनुमान गरिन्छ। यसको एउटा हिस्सा आयातित बस्तुमा खर्च हुने भएकाले सबै कारोबारले घरेलु उत्पादनलाई समान लाभ नदिन सक्छ तैपनि यातायात, होटल, पर्यटन, खुद्रा व्यापार, खाद्यान्न, लत्ताकपडा, विद्युतीय सामग्रीलगायतका क्षेत्रमा हुने गतिविधिले पैसाको प्रवाह बढाउँछ।

यसैबीच नेपाली प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करण भैरहेको छ। क्रिकेट प्रतियोगिता केवल मैदानभित्रको खेलमा सीमित हुँदैन। होटल, रेस्टुरेन्ट, विज्ञापन, प्रसारण, यातायात, पर्यटन र उपभोगसम्म यसको आर्थिक प्रभाव फैलिन्छ। चाडपर्व र ठूला खेल प्रतियोगिताले अर्थतन्त्रमा ल्याउने अतिरिक्त चलायमानता अन्ततः लगानीकर्ताको मनोविज्ञानसँग पनि जोडिन सक्छ।

चाडपर्व आयो वा क्रिकेट प्रतियोगिता भयो भन्दैमा शेयर बजार स्वतः बढ्छ भन्ने निष्कर्ष निकाल्नु हुँदैन। बजारको दिगो वृद्धि अन्ततः कम्पनीको वित्तीय अवस्था, अर्थतन्त्रको गति र लगानीकर्ताको विश्वासमै निर्भर हुन्छ।

१० लाखको कारोबारमा किन डराउने?

पछिल्लो समय सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी संशोधित व्यवस्थालाई लिएर शेयर बजारमा विभिन्न आशंका फैलिएका छन्। विशेषगरी एकै दिन १० लाख रुपियाँ वा सोभन्दा बढीको शेयर कारोबार गरेपछि लगानीकर्ता अनुसन्धानमै पर्ने हुन् कि भन्ने भ्रम देखिन्छ।

निश्चित सीमाभन्दा माथिको कारोबारको विवरण सम्बन्धित निकायमा

फूलका मालाबाट सिर्जनशीलता

भक्तपुर/ फूलका थुँगा गाँसेर माला तयार पार्नु, दियोमा रङ भर्नु, साथीहरूसँग मिलेर देउसी-भैलो खेल्नु र अभिभावकसामु सांस्कृतिक प्रस्तुति दिनु। बालबालिकाका लागि यी तिहारका रमाइला क्षण मात्र थिएनन्, आफैंले गरेर नयाँ कुरा सिक्ने अवसर पनि बने।

मध्यपुर थिमि नगरपालिका-५ कमेरोटारस्थित स्मार्ट माइण्ड मन्टेश्वरीले तिहारका अवसरमा आयोजना गरेका गतिविधिले प्रारम्भिक बालशिक्षालाई व्यवहार र जीवनसँग जोड्ने प्रयास गरेको छ। विद्यालयले बालबालिकालाई कक्षाकोठामा अक्षर र अङ्क चिनाउने अभ्याससँगै नेपाली संस्कृति, सामाजिक व्यवहार, सिर्जनात्मकता र आत्मनिर्भरतासँग सम्बन्धित गतिविधिमा सहभागी गराएको हो।

बालबालिकाले कुनै कुरा सुनेर वा पुस्तकमा पढेर भन्दा आफैंले गरेर, देखेर र अनुभव गरेर सिक्दा त्यसको प्रभाव लामो समयसम्म रहने शिक्षाविद्हरूको मान्यता छ। यही अवधारणालाई आधार बनाएर विद्यालयले चाडपर्वलाई पनि शिक्षण सिकाइको एउटा माध्यम बनाएको छ। तिहारका अवसरमा आयोजित कार्यक्रम त्यसैको उदाहरण हो।

विद्यालयकी प्रिन्सिपल ममता शाहका अनुसार बालबालिकालाई केवल निर्देशन दिएर सिकाउनेभन्दा उनीहरूलाई आफैं सहभागी हुने वातावरण तयार गर्नु प्रभावकारी हुन्छ। बालबालिकाको रुचि, क्षमता र उमेरअनुसार गतिविधि छनोट गरी सिकाइमा संलग्न गराउँदा उनीहरूले नयाँ कुरा बुझ्नुका साथै त्यसलाई व्यवहारमा उतार्न पनि सिक्ने उनको भनाइ छ।

नेपाली समाजका चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक उत्सव होइनन्, नयाँ पुस्तालाई आफ्नो परम्परा र सामाजिक सम्बन्धबारे परिचित गराउने अवसर पनि हुन्। बालबालिकालाई सानै उमेरदेखि यस्ता गतिविधिमा सहभागी गराउँदा उनीहरूले संस्कृति किताबमा पढ्ने विषय मात्र नभई जीवनमा अभ्यास गर्ने परम्परा भएको बुझ्न सक्छन्।

तिहारका क्रममा स्मार्ट माइण्डका बालबालिकाले फूलका माला उन्ने, दियो सजाउने तथा विभिन्न सामग्री प्रयोग गरेर सजावटका वस्तु बनाउने काम गरे। यस्ता गतिविधिले उनीहरूलाई रङ, आकार र वस्तुको पहिचान गराउनुका साथै हात र आँखाबीचको समन्वय, सूक्ष्म शारीरिक सीप तथा सिर्जनात्मक सोच विकास गर्न मद्दत गर्छन्। आफैंले सुरु गरेको काम पूरा गर्ने अभ्यासले धैर्य र एकाग्रता बढाउनसमेत सहयोग पुऱ्याउँछ।

विद्यालयको अर्को आकर्षण देउसी-भैलो कार्यक्रम रह्यो। बालबालिकाले समूह बनाएर नृत्य तथा सांस्कृतिक प्रस्तुति दिए। अभिभावकका घरआँगनमा पुगेर देउसी-भैलो खेल्दा उनीहरूले नेपाली परम्पराको प्रत्यक्ष अनुभव मात्र गरेनन्, नयाँ मानिससँग घुलमिल हुने र सार्वजनिक रूपमा आफ्ना प्रस्तुति देखाउने अवसरसमेत पाए।

समूहमा सहभागी हुँदा साथीको पालो पर्खनुपर्ने, एकअर्कासँग तालमेल मिलाउनुपर्ने र सामूहिक जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ। यसले बालबालिकामा सहकार्य, अनुशासन र सामाजिक व्यवहार विकास गर्न सहयोग गर्छ।

अभिभावक पवित्रा गुरागाई पनि यस्ता गतिविधिले बालबालिकाको व्यवहारमा सकारात्मक प्रभाव पार्ने विश्वास गर्छिन्। उनका अनुसार बालबालिकाले चाडपर्वको महत्त्व अरूबाट सुन्नुभन्दा आफैं सहभागी भएर अनुभव गर्दा त्यसलाई अझ राम्रोसँग बुझ्न सक्छन्। समूहमा घुलमिल हुने र आफ्ना कुरा अरूसामु व्यक्त गर्ने अवसरले उनीहरूको आत्मविश्वाससमेत बढाउँछ।

मन्टेश्वरी शिक्षाको विशेषता बालबालिकालाई एउटै ढाँचामा राखेर पढाउनुको सट्टा उनीहरूको स्वाभाविक जिज्ञासा र सक्रियतालाई सिकाइसँग जोड्नु हो। यस पद्धतिमा खेल, सिर्जना, अवलोकन र प्रयोगलाई शिक्षण प्रक्रियाकै हिस्सा मानिन्छ।

रङ र आकार छुट्याउने, विभिन्न सामग्री मिलाउने, वस्तु गन्ने र क्रम मिलाउनेजस्ता सामान्य अभ्यासबाट बालबालिकाले गणितका प्रारम्भिक अवधारणा बुझ्न सक्छन्। कागज काट्ने, टाँस्ने, चित्र बनाउने तथा माटोबाट विभिन्न आकृति तयार पार्ने गतिविधिले हातको सीप र कल्पनाशक्ति बढाउँछन्।

त्यस्तै कथा सुन्ने, कथा भन्ने, अभिनय गर्ने र समूहमा आफ्ना विचार राख्ने अभ्यासले भाषिक क्षमता विकास गर्न मद्दत गर्छ। बालबालिकालाई आफूले प्रयोग गरेका सामग्री आफैं मिलाएर राख्न लगाउँदा जिम्मेवारीबोध र आत्मनिर्भरता पनि बढ्छ।

प्रकृतिसँग जोडिएका गतिविधि पनि प्रारम्भिक शिक्षाका महत्त्वपूर्ण पक्ष हुन्। बिरुवामा पानी हाल्ने, वातावरण अवलोकन गर्ने र सरसफाइमा सहभागी हुनेजस्ता अभ्यासले बालबालिकालाई प्रकृति र आफ्नो वरपरको वातावरणप्रति सचेत बनाउँछन्। दैनिक जीवनका सामान्य काम आफैं गर्न प्रोत्साहित गर्दा उनीहरूमा आत्मविश्वास र व्यवहारिक ज्ञान विकास हुन्छ।

बालबालिकाको व्यक्तित्व निर्माणमा विद्यालयको भूमिका महत्त्वपूर्ण भए पनि परिवार र समुदायको सहभागिताबिना सिकाइ पूर्ण हुँदैन। विद्यालयमा सिकेका कुरा घरमा पनि अभ्यास गर्ने अवसर पाएमा बालबालिकाले नयाँ सीपलाई दैनिक व्यवहारमा उतार्न सक्छन्।

तिहारका अवसरमा अभिभावकका घरआँगनमा देउसी-भैलो प्रस्तुत गर्दा स्मार्ट माइण्डका बालबालिकाले परिवारसँग प्रत्यक्ष रूपमा जोडिने अवसर पाए। आफ्ना बालबालिकाले समूहमा मिलेर प्रस्तुति दिएको र सांस्कृतिक गतिविधिमा सक्रिय सहभागिता जनाएको देख्दा अभिभावकसमेत उत्साहित बनेका थिए।

अभिभावकको सहभागिताले बालबालिकालाई आफूले गरेको कामको प्रशंसा र प्रोत्साहन प्राप्त हुन्छ। यसले उनीहरूमा नयाँ कुरा गर्ने उत्साह बढाउनुका साथै विद्यालय र परिवारबीचको सम्बन्धलाई पनि बलियो बनाउन सहयोग गर्छ।

प्रारम्भिक शिक्षाको उपलब्धि बालबालिकाले कति छिटो पढ्न, लेख्न वा गणना गर्न सके भन्ने आधारमा मात्र मापन गर्न मिल्दैन। उनीहरू अरूसँग कसरी व्यवहार गर्छन्, आफ्नो कुरा कसरी व्यक्त गर्छन्, समस्या पर्दा कसरी सोच्न खोज्छन् र आफूले गर्नुपर्ने कामप्रति कति जिम्मेवार हुन्छन् भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, सामाजिक, भावनात्मक र सिर्जनात्मक विकासलाई सँगसँगै अघि बढाउनु नै सर्वाङ्गीण शिक्षाको उद्देश्य हो। मन्टेश्वरी पद्धतिले यिनै पक्षलाई ध्यानमा राखेर बालबालिकाको स्वाभाविक विकासलाई प्रोत्साहित गर्ने प्रयास गर्छ।

व्यक्तित्व विकास कुनै एक कार्यक्रम वा गतिविधिबाट मात्रै सम्भव हुँदैन। नियमित अभ्यास, शिक्षकको उचित मार्गदर्शन, बालमैत्री वातावरण र अभिभावकको निरन्तर सहयोग आवश्यक हुन्छ। बालबालिकालाई गल्ती गर्न, त्यसबाट सिक्न, प्रश्न गर्न र आफ्नै तरिकाले नयाँ कुरा खोज्न दिने वातावरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

स्मार्ट माइण्ड मन्टेश्वरीले तिहारका अवसरमा सञ्चालन गरेका गतिविधिले चाडपर्वलाई मनोरञ्जनमा मात्र सीमित नराखी त्यसलाई सिकाइसँग जोड्न सकिने देखाएको छ। फूलको माला उन्नेदेखि देउसी-भैलो प्रस्तुत गर्नेसम्मका अभ्यासले बालबालिकालाई संस्कृति, सिर्जनशीलता र सामाजिक व्यवहारको अनुभव दिलाएका छन्।

शिक्षा भनेको निश्चित समयमा पुस्तक खोलेर पाठ पढ्नु मात्र होइन। बालबालिकाले खेल्दा, साथीहरूसँग मिलेर काम गर्दा, नयाँ वस्तु बनाउँदा, प्रश्न गर्दा र आफ्नो समाजसँग परिचित हुँदा पनि धेरै कुरा सिकिरहेका हुन्छन्। शिक्षाकर्मी एवं पत्रकार दिनेश कार्कीका अनुसार प्रारम्भिक शिक्षाले बालबालिकालाई अक्षर र अङ्क चिनाउनेसँगै जीवनमा आवश्यक पर्ने व्यवहार, संस्कार र सीप सिकाउने वातावरण तयार गर्नुपर्छ। यही सोचलाई व्यवहारमा उतार्न सके प्रारम्भिक शिक्षा बालबालिकाको भविष्य निर्माणको बलियो आधार बन्न सक्छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

सरकारी ...

नापी फिल्डबुक उतारमा वन प्रतिनिधिले जग्गाधनी महलमै 'वनबाट रोक्का' उल्लेख गरेको बताइएको छ। सरकारी श्रेस्तामा जग्गा वन तथा पर्ती जनिनुका साथै जोताहा, मोही र अन्य व्यक्तिगत स्वामित्वसम्बन्धी विवरणसमेत खाली रहेको कागजातमा देखिन्छ। तत्कालीन स्थलगत निरीक्षणमा पनि उक्त क्षेत्र रूख तथा बुट्यानले ढाकिएको उल्लेख गरिएको छ।

भूमि प्रशासन निर्देशिका, २०८१ ले समेत नापी अभिलेखमा जग्गाधनी तथा मोहीको विवरण खाली रही सरकारी वा सार्वजनिक प्रकृतिको व्यहोरा उल्लेख भएका जग्गाको छुट दर्तासम्बन्धी दाबीलाई निरुत्साहित गर्ने व्यवस्था गरेको कानुन व्यवसायीहरूको भनाइ छ। उनीहरूका अनुसार २०५६ सालमै सरकारी कायम भइसकेको जग्गालाई पुनः व्यक्तिको नाममा दर्ता गर्ने प्रक्रियामा यी कानूनी प्रावधानको पालना भए-नभएको छानबिन हुन आवश्यक छ।

दर्ता प्रक्रियामै अस्वाभाविक संयोग

जग्गा निजी नाममा पुऱ्याउने क्रममा स्थानीय तह र मालपोत कार्यालयबाट भएका कामकारबाहीले पनि थप जिज्ञासा जन्माएको छ। उपलब्ध कागजातअनुसार नमोबुद्ध नगरपालिका-४ को वडा कार्यालयले जग्गा दर्ताका लागि सिफारिस गरेको र मालपोत कार्यालयले छुट दर्तासम्बन्धी ३५ दिने सार्वजनिक सूचना जारी गरेको मिति एउटै अर्थात् २०८१ साउन २२ गते रहेको छ।

लामो समयदेखि वन तथा पर्ती कायम रहेको जग्गाको हकमा सिफारिस र सार्वजनिक सूचनाको प्रक्रिया एउटै दिन अघि बढ्नु सामान्य प्रशासनिक संयोग मात्र हो वा त्यसपछाडि कुनै विशेष प्रक्रिया अपनाइएको थियो भन्ने विषय अनुसन्धानको दायरामा आउनुपर्ने स्थानीयको माग छ। जग्गाको पुरानो सरकारी अभिलेख, विगतमा भएको निर्णय र पछिल्लो दर्ताबीचको अन्तरसम्बन्ध केलाउँदा त्यस प्रक्रियामा संलग्न कर्मचारी तथा पदाधिकारीको भूमिका पनि स्पष्ट हुनुपर्ने उनीहरूको भनाइ छ।

सार्वजनिक तथा सरकारी प्रकृतिका जग्गाको स्वामित्वसम्बन्धी सर्वोच्च अदालतका विभिन्न नजिरले पनि यस विषयलाई थप कानुनी महत्त्व दिएका छन्। नापीका क्रममा कुनै व्यक्तिको नाम उल्लेख हुँदैमा सार्वजनिक प्रकृतिको जग्गा स्वतः निजी स्वामित्वमा परिणत नहुने कानुनी व्याख्या रहेको कानून व्यवसायीहरू बताउँछन्। २०८० माघ ११ गते राजपत्रमा प्रकाशित छुट जग्गा दर्तासम्बन्धी सूचनाले समेत पहिल्यै निवेदन परेर निर्णय भइसकेका जग्गाको हकमा पुनः दर्ताको आधार सिर्जना नगर्ने उनीहरूको तर्क छ।

बजार मूल्य २८ करोडभन्दा बढी

विवादित जग्गाको आर्थिक मूल्यले पनि यस घटनालाई थप गम्भीर बनाएको छ। भकुण्डेबजार नजिकै रहेको उक्त जग्गाको आसपास प्रादेशिक अस्पताल, क्याम्पस तथा वडा कार्यालय छन्। बजार र सार्वजनिक पूर्वाधारसँग जोडिएको स्थानमा रहेकाले यसको मूल्य उच्च रहेको स्थानीयको भनाइ छ।

स्थानीयका अनुसार जग्गा निजी नाममा दर्ता भएपछि विभिन्न टुक्रामा विभाजन गरी बिक्री गरिएको छ। प्रतिआना २५ लाख रुपियाँसम्ममा कारोबार भएको दाबी गर्दै उनीहरूले समग्र जग्गाको बजार मूल्य २८ करोड रुपियाँभन्दा बढी हुने बताएका छन्। यदि सरकारी स्वामित्वको जग्गा गैरकानुनी प्रक्रियाबाट व्यक्तिको नाममा पुऱ्याइएको पुष्टि भए त्यसबाट सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुग्ने देखिन्छ। यसबीच जग्गा खरिद गरेका व्यक्तिहरू पनि आफ्नो लगानीको वैधानिकता र भविष्यबारे चिन्तित बनेको स्थानीयको भनाइ छ।

अख्तियारमा उजुरी

जग्गा दर्ता प्रक्रियामा अनियमितता भएको दाबी गर्दै स्थानीय बासिन्दाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएका छन्। उपलब्ध विवरणअनुसार उजुरी दर्ता नम्बर सी ०२६६४७ र पूरक उजुरी दर्ता नम्बर सी ०७२११६ रहेको छ। उजुरीमा सरकारी वन तथा पर्ती जग्गा व्यक्तिको नाममा दर्ता गराउने प्रक्रियामा सम्भावित अनियमितता र आर्थिक चलखेल भएको विषय उठाइएको बताइएको छ।

स्थानीयको दाबीअनुसार प्रारम्भिक नापी हुनुअघि उक्त जग्गा छ जना चिमोरियाको साझा पुख्यौंली सम्पत्ति भएको जिकिर गरिएको थियो तर नापीका क्रममा व्यक्तिको नाममा दर्ता नभएपछि सरकारी वन तथा पर्ती कायम भएको थियो। अहिले ती छ जनामध्ये दुई जनाको नाममा मात्रै जग्गा दर्ता भएको विषयले पनि पुरानो दाबी र पछिल्लो प्रक्रियाबीचको सम्बन्धबारे प्रश्न उठाएको छ।

अब यस प्रकरणमा अनुसन्धान निकायले मुख्यतः तीनवटा विषयको निरूपण गर्नुपर्ने देखिन्छ। पहिलो, २०५६ सालमा वन तथा पर्ती कायम गर्ने निर्णय भइसकेको जग्गा पुनः दर्ता गर्न कुन कानूनी आधार प्रयोग गरियो ? दोस्रो, वडा कार्यालयको सिफारिसदेखि मालपोत कार्यालयको निर्णयसम्म संलग्न कर्मचारी तथा पदाधिकारीको भूमिका के थियो ? तेस्रो, सरकारी स्वामित्वको जग्गा निजी नाममा दर्ता भएर बिक्री भएको भए त्यसबाट भएको आर्थिक लाभ र सार्वजनिक सम्पत्तिको क्षतिको जिम्मेवारी कसले लिने ?

स्थानीय बासिन्दाले विवादित दर्ताको निष्पक्ष छानबिन गरी गैरकानुनी ठहरिए बदर गर्न र जग्गालाई पुनः सरकारी स्वामित्वमा कायम राख्न माग गरेका छन्। उनीहरूका अनुसार एउटा जग्गाको विवादमा मात्र सीमित नरही यसले सरकारी अभिलेखको विश्वसनीयता, मालपोत प्रशासनको जवाफदेहिता र सार्वजनिक सम्पत्तिको सुरक्षासँग जोडिएको गम्भीर प्रश्न खडा गरेको छ।

कांग्रेसको ...

अवसरसँग जोडिनुपर्छ। पार्टीको वैचारिक आधार लोकतन्त्र, राष्ट्रियता र सामाजिक न्यायलाई आजको समयअनुकूल व्याख्या गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता र प्रविधिका विषयमा ठोस दृष्टिकोण अघि सार्नुपर्ने आवश्यकता छ।

यता, गगन थापाको नेतृत्व स्थापित भइसकेपछि पनि शेरबहादुर देउवा पक्षले डा. शशांक कोइरालाको समन्वयमा समानान्तर महाधिवेशनको गतिविधि अघि बढाइरहेको छ। यसले कांग्रेसभित्रको विवाद अझै समाप्त नभएको देखाउँछ। नेतृत्वको वैधानिकता र पार्टीको आधिकारिकतासम्बन्धी विवादलाई कानुनी तथा संस्थागत प्रक्रियाबाट टुंग्याउनु उचित हुन्छ। यस्ता विवादका कारण पार्टीको सम्पूर्ण शक्ति आन्तरिक खिचातानीमै खर्च हुनु कांग्रेसका लागि हितकर हुँदैन। नेतृत्व परिवर्तनपछि मूलधारमा फर्किएका नेता तथा कार्यकर्ताको सहभागितालाई थप विस्तार गर्दै असन्तुष्ट पक्षसँग संवाद गर्नु नयाँ नेतृत्वको जिम्मेवारी हो। त्यस्तै, गगनको नाम जोडेर विभिन्न विवाद सिर्जना गर्ने वा उनलाई कमजोर देखाउने उद्देश्यले आरोप-प्रत्यारोप चलाइएको भन्ने चर्चा पनि सुनिन्छ। यस्ता विषयमा हल्ला र आरोपभन्दा तथ्य, प्रमाण र सम्बन्धित पक्षको आधिकारिक धारणा नै निर्णायक हुनुपर्छ। कांग्रेसले यस्ता विवादमा अल्झिएर आफ्नो राजनीतिक उद्देश्य बिर्सनु हुँदैन। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बनेको सरकारले करिब दुई तिहाइको समर्थनसहित शासन गरिरहेको अवस्थामा कांग्रेसले आफूलाई प्रभावकारी प्रतिपक्ष वा भावी राजनीतिक विकल्पका रूपमा तयार गर्नुपर्ने चुनौती छ। सरकारका राम्रा कामको समर्थन र कमजोरीको तथ्यपूर्ण आलोचना गर्दै जनताका वास्तविक समस्या उठाउन सके कांग्रेसको भूमिका अर्थपूर्ण बन्न सक्छ। सरकारको विरोध गर्नु मात्रै प्रतिपक्षको काम होइन, आवश्यक पर्दा विकल्पसहित नीति र कार्यक्रम प्रस्तुत गर्नु पनि हो। त्यसैले कांग्रेसले आफ्नो संगठनलाई चुनावमुखी संरचनाबाट जनतासँग निरन्तर जोडिने राजनीतिक शक्तिमा रूपान्तरण गर्नुपर्छ। गगन थापाका लागि यो नेतृत्व प्राप्तिको सफलता मात्र होइन, कांग्रेसलाई बदलिएको समयअनुकूल पुनर्गठन गर्ने अवसर पनि हो। उनले यो अवसरलाई व्यवहारमा उतार्न सके कांग्रेस फेरि राष्ट्रिय राजनीतिमा बलियो विकल्प बन्न सक्छ; अन्यथा नयाँ नेतृत्वको उत्साह पनि पुरानै राजनीतिक संस्कारको भीडमा हराउन सक्छ।

तिहारमा ...

उद्देश्य र रणनीति एउटै छ भन्ने छैन। कतिपय नेताहरू नेतृत्व परिवर्तनको प्रक्रियामा असहमत छन् भने कतिपय नयाँ नेतृत्वले पार्टी चलाउने शैलीप्रति आश्वस्त हुन सकेका छैनन्। यही भिन्नतालाई देउवा समूहले आफ्नो पक्ष बलियो बनाउने अवसरका रूपमा प्रयोग गर्न खोजेको देखिन्छ।

नयाँ नेतृत्वका लागि भने अहिलेको परिस्थिति अवसर र जोखिम दुवै हो। गगन थापाले पार्टीलाई पुरानो राजनीतिक अभ्यासबाट बाहिर निकाल्ने प्रतिबद्धता जनाउँदै आएका छन्। त्यसको परीक्षण अब भाषण र प्रतिबद्धताबाट होइन, संगठन सञ्चालन, निर्णय प्रक्रिया र असन्तुष्ट पक्षसँगको व्यवहारबाट हुनेछ। नयाँ नेतृत्वले पुराना नेताहरूलाई निषेध गर्ने बाटो रोजेमा पार्टीभित्रको दूरी झन् बढ्न सक्छ। त्यसैगरी पुरानो समूहले नेतृत्व परिवर्तनलाई निरन्तर अस्वीकार गरिरहेमा कांग्रेसको संगठनात्मक एकता कमजोर बन्नेछ।

कांग्रेसको अहिलेको विवादले राष्ट्रिय राजनीतिमा पनि अर्थ राख्छ। बदलिँदो जनमत, नयाँ राजनीतिक शक्तिको चुनौती र सरकारको कामकारबाहीमाथि निगरानी गर्ने जिम्मेवारीका बीच कांग्रेस आफैँभित्र अल्झिरहने हो भने त्यसले प्रमुख प्रतिपक्षी वा वैकल्पिक राजनीतिक शक्तिका रूपमा उसको भूमिकालाई कमजोर बनाउन सक्छ। जनताले कांग्रेसबाट नेतृत्व परिवर्तनको खबर मात्र होइन, राजनीतिक व्यवहारमा पनि परिवर्तनको अपेक्षा गरेका छन्।

तिहारमा घरपरिवारसँग समय बिताउन गएका नयाँ पदाधिकारीहरूका लागि अब पार्टीको काममा फर्किएपछि सबैभन्दा कठिन जिम्मेवारी आन्तरिक विवाद व्यवस्थापन गर्नु हुनेछ। थापामाथि लागेका आरोपको तथ्यपूर्ण जवाफ दिने, अप्रमाणित प्रचारलाई निरुत्साहित गर्ने र समानान्तर गतिविधिमा लागेका नेताहरूसँग संवादको ढोका खुला राख्ने काम एकैसाथ अघि बढाउनुपर्नेछ।

कांग्रेसको यो संघर्ष गगन र देउवाबीचको व्यक्तिगत प्रतिस्पर्धा मात्र होइन, पार्टी कुन राजनीतिक संस्कारबाट अघि बढ्ने भन्ने प्रश्न पनि हो। नयाँ नेतृत्वले आफ्नो औचित्य प्रमाणित गर्नुपर्नेछ भने पुरानो नेतृत्वले पनि बदलिएको समय र जनमतको सन्देश बुझ्नुपर्नेछ। कांग्रेसमा अब कसले कसलाई कमजोर बनाउँछ भन्नेभन्दा पार्टीलाई कसरी बलियो बनाउने भन्ने प्रश्न महत्त्वपूर्ण छ। अन्यथा नेतृत्व परिवर्तन भएर पनि राजनीतिक संस्कार नफेरिएको सन्देश जनतामाझ जानेछ।

मधेशसभामा ...

सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मन्त्री यादव अल्पमतमा परेका थिए। सरकारमा सहभागी अर्को दल नेपाली कम्युनिस्ट पार्टीका चारजना मन्त्रीले यही कात्तिक २० गते राजीनामा दिई सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत लिनै पर्ने अवस्थामा मुख्यमन्त्री यादव पुगेका हुन्।

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तिमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ। मधेश प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन्।

रायमाझी ...

केही समय राजनीतिक गतिविधिबाट टाढै रहनु उपयुक्त हुने धारणा राख्न थालेका छन्। उनीहरूको बुझाइमा कारागारबाट बाहिरिनु र राजनीतिक रूपमा पुनः स्थापित हुनु फरक विषय हुन्।

रायमाझीका लागि अबको चुनौती केवल पार्टीको जिम्मेवारी प्राप्त गर्नु मात्र हुनेछैन, विगतको घटनाले जनमानसमा पारेको प्रभाव र आफ्नो राजनीतिक विश्वसनीयतामाथि उठेका प्रश्नको सामना गर्नु पनि हुनेछ। राजनीतिमा लामो समय बिताएका नेताका लागि पद र पहुँचभन्दा सार्वजनिक विश्वास ठूलो पुँजी हो। त्यो विश्वास गुमेपछि पुनः प्राप्त गर्न समय र व्यवहार दुवै आवश्यक पर्छ।

एमालेभित्र पनि रायमाझीको पुनरागमनलाई कसरी लिइन्छ भन्ने प्रश्न कम महत्वपूर्ण छैन। पार्टीले उनलाई पुरानै भूमिकामा स्वीकार गर्छ कि गर्दैन भन्ने कुरा नेतृत्वको निर्णय, पार्टीभित्रको राजनीतिक परिस्थिति र जनस्तरमा विकसित हुने प्रतिक्रियामा निर्भर हुनेछ। पार्टीको सदस्य भएर बस्नु र अग्रपंक्तिमा रहेर राजनीतिक नेतृत्व गर्नु एउटै कुरा होइन।

अर्कोतर्फ, कारागारमुक्त हुँदैमा विगतका घटनासँग जोडिएका सबै प्रश्न समाप्त हुँदैनन्। कानूनी प्रक्रियाको आफ्नै महत्व हुन्छ भने सार्वजनिक जीवनमा नैतिक जवाफदेहिताको पनि उत्तिकै अर्थ रहन्छ। विशेषगरी सार्वजनिक पदमा बसेका व्यक्तिको हकमा जनविश्वास र राजनीतिक उत्तरदायित्वलाई बेवास्ता गर्न सकिँदैन।

रायमाझीले अब कस्तो बाटो रोज्छन् भन्ने कुरा उनको व्यक्तिगत निर्णयमा निर्भर हुनेछ। उनीनिकट व्यक्तिहरूबाटै राजनीतिभन्दा बाहिर रहनु उचित हुने धारणा आउनुले पनि उनको आगामी बाटो सहज नरहेको संकेत गर्छ। लामो राजनीतिक जीवन बिताएका रायमाझीका लागि अहिलेको समय फेरि पद र प्रतिष्ठा खोज्नेभन्दा विगतको मूल्यांकन गर्दै आफ्नो आगामी भूमिका तय गर्ने समय हुन सक्छ। कारागारबाट बाहिरिएको उनको जीवनको नयाँ अध्याय राजनीतिमा पुनरागमनबाट शुरु हुन्छ वा मौन अवकाशबाट, त्यो भने आगामी दिनले नै स्पष्ट पार्नेछ।

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाईहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११

साप्ताहिक राशिफल

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

यो साता तपाईंका लागि उत्साह र नयाँ अवसरको समय रहनेछ। रोकिएका काम अघि बढ्नेछन् भने कार्यक्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। आर्थिक अवस्थामा सुधार आउने संकेत छ। व्यापार व्यवसायमा संलग्न व्यक्तिले नयाँ योजना बनाउन सक्नेछन्। पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ। साथीभाइसँगको सहकार्य लाभदायी बन्न सक्छ। प्रेम सम्बन्धमा सुखद वातावरण रहनेछ। स्वास्थ्यमा सामान्य थकान देखिन सक्ने भएकाले आराममा ध्यान दिनुहोला।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)

साताको शुरुवात केही व्यस्तताका साथ हुन सक्छ। काममा देखिएका चुनौतीलाई धैर्यपूर्वक सामना गर्न सके सफलता मिल्नेछ। जागिरमा आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोला। अनावश्यक खर्च बढ्न सक्ने भएकाले बजेट मिलाएर अघि बढ्नु उचित हुनेछ। परिवारका सदस्यसँगको सम्बन्ध सुमधुर रहनेछ। प्रेम जीवनमा निकटता बढ्नेछ। स्वास्थ्यमा खानपान र नियमित दिनचर्यालाई प्राथमिकता दिनुहोला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)

यो साता तपाईंका लागि उपलब्धिमूलक बन्न सक्छ। नयाँ व्यक्तिसँगको भेटघाटले भविष्यमा फाइदा पुऱ्याउन सक्छ। अध्ययन, लेखन, सञ्चार तथा बौद्धिक क्षेत्रमा संलग्न व्यक्तिका लागि समय अनुकूल रहनेछ। रोकिएका आर्थिक काम पूरा हुने सम्भावना छ। व्यापारमा नयाँ अवसर प्राप्त हुन सक्छ। पारिवारिक वातावरण सुखद रहनेछ। प्रेम सम्बन्धमा विश्वास र आत्मीयता बढ्नेछ। यात्राको अवसर मिल्न सक्छ। निर्णय गर्दा अरूको दबाबभन्दा आफ्नो विवेकलाई प्राथमिकता दिनुहोला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा केही काममा ढिलाइ हुन सक्छ। निरन्तर प्रयासले परिस्थिति अनुकूल बनाउनेछ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्ने सम्भावना छ। आर्थिक लेनदेनमा हतार नगर्नुहोला। पुरानो लगानीबाट लाभ प्राप्त हुन सक्छ। पारिवारिक विषयमा महत्त्वपूर्ण छलफल हुन सक्छ। आफन्तसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ। प्रेम सम्बन्धमा सामान्य असमझदारी देखिए पनि संवादबाट समाधान हुनेछ। स्वास्थ्यमा आराम र मानसिक शान्तिलाई महत्त्व दिनुहोला।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

यो साता आत्मविश्वास र सक्रियतामा वृद्धि हुनेछ। लामो समयदेखि अधुरा रहेका काम पूरा गर्ने अवसर मिल्न सक्छ। सरकारी तथा प्रशासनिक क्षेत्रमा रोकिएका काम अघि बढ्नेछन्। आर्थिक पक्ष सबल रहनेछ। व्यापार व्यवसायमा नयाँ सम्भावना देखिनेछ। सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। परिवारका सदस्यबाट सहयोग प्राप्त हुनेछ। प्रेम सम्बन्धमा खुसीको वातावरण रहनेछ। आवेशमा आएर निर्णय नगर्नुहोला। स्वास्थ्य सामान्य रहनेछ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)

यो साता योजनाबद्ध ढङ्गले अघि बढ्न सके राम्रो उपलब्धि हासिल गर्न सकिनेछ। कार्यक्षेत्रमा मेहनतको उचित मूल्यांकन हुनेछ। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। आर्थिक कारोबारमा सुधार आउने संकेत छ। व्यापारमा सोचविचार गरेर लगानी गर्नुहोला। विद्यार्थीका लागि अध्ययनमा प्रगति गर्ने समय छ। पारिवारिक वातावरण सुखद रहनेछ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ। स्वास्थ्यमा पेट तथा निद्रासम्बन्धी समस्याप्रति सचेत रहनुहोला।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)

यो साता नयाँ अवसर प्राप्त हुने सम्भावना छ। कार्यक्षेत्रमा सहकर्मी तथा उच्च अधिकारीबाट सहयोग मिल्नेछ। व्यापार व्यवसायमा नयाँ साझेदारीको प्रस्ताव आउन सक्छ। आर्थिक आम्दानी बढ्ने संकेत देखिन्छ। पुराना कामबाट लाभ प्राप्त हुन सक्छ। सामाजिक तथा सार्वजनिक क्षेत्रमा सक्रियता बढ्नेछ। परिवारमा सुखद समाचार सुन्न पाइनेछ। दाम्पत्य जीवनमा समझदारी बढ्नेछ। प्रेम सम्बन्धमा नयाँ उत्साह थपिनेछ। यात्रामा सावधानी अपनाउनुहोला।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको शुरुवातमा केही चुनौती देखिए पनि मध्यतिर परिस्थिति सहज बन्दै जानेछ। काममा देखिएको अन्योल हट्नेछ। आर्थिक पक्षमा सुधार आउने सम्भावना छ। व्यापारमा प्रतिस्पर्धा बढ्न सक्छ। नयाँ काम शुरु गर्नुअघि पर्याप्त जानकारी लिनुहोला। परिवारका सदस्यसँगको सम्बन्ध राम्रो रहनेछ। पुराना साथीभाइसँग भेटघाट हुन सक्छ। प्रेम सम्बन्धमा धैर्य र विश्वास आवश्यक हुनेछ। स्वास्थ्यमा शारीरिक थकानबाट जोगिनुहोला।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)

यो साता तपाईंका लागि सकारात्मक रहनेछ। नयाँ योजना कार्यान्वयन गर्ने अवसर मिल्न सक्छ। वैदेशिक अध्ययन, रोजगारी तथा यात्राको तयारीमा रहेकाहरूका लागि अनुकूल समाचार प्राप्त हुन सक्छ। जागिरमा जिम्मेवारी थपिने सम्भावना छ। आर्थिक अवस्थामा सुधार आउनेछ। व्यापार व्यवसायमा लाभ मिल्न सक्छ। पारिवारिक सम्बन्ध सुमधुर रहनेछ। प्रेम जीवनमा खुशी छाउनेछ। स्वास्थ्यमा सुधार आउनेछ। नयाँ अवसरको सदुपयोग गर्नुहोला।

मकर (भो, जा, जि, खि, खु, खे, खो, गा, गि)

यो साता मेहनत र धैर्यको आवश्यकता पर्नेछ। कामको चाप बढे पनि त्यसबाट पछि नहट्नुहोला। कार्यक्षेत्रमा आफ्नो जिम्मेवारी पूरा गर्न सके प्रशंसा प्राप्त हुनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोला। अनावश्यक खर्च नियन्त्रण गर्नुपर्नेछ। पारिवारिक निर्णयमा ज्येष्ठ सदस्यको सुझाव उपयोगी बन्न सक्छ। दाम्पत्य जीवनमा सामान्य मतभेद भए पनि समाधान हुनेछ। प्रेम सम्बन्धमा सकारात्मकता रहनेछ। स्वास्थ्यमा नियमित व्यायाम र आराम आवश्यक हुनेछ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)

साताभरि नयाँ विचार र योजनाले प्राथमिकता पाउनेछन्। सामाजिक तथा व्यावसायिक क्षेत्रमा नयाँ सम्पर्क स्थापित हुनेछन्। रोकिएका कामले गति लिनेछन्। आर्थिक आम्दानीमा सुधार आउने सम्भावना छ। जागिरमा आफ्नो क्षमता देखाउने अवसर मिल्नेछ। व्यापार व्यवसायमा नयाँ सम्भावना देखिनेछ। पारिवारिक वातावरण सुखद रहनेछ। साथीभाइसँगको सहकार्य फलदायी बन्नेछ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ। मनोरञ्जन तथा यात्राका अवसर प्राप्त हुन सक्छन्।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)

यो साता तपाईंका लागि आशा र सम्भावनाले भरिएको रहनेछ। विगतमा अधुरा रहेका काम पूरा गर्ने अवसर मिल्न सक्छ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त हुनेछ। आर्थिक अवस्थामा क्रमिक सुधार आउनेछ। व्यापार व्यवसायमा लाभ प्राप्त हुने सम्भावना छ। विद्यार्थीका लागि अध्ययनमा एकाग्रता बढ्नेछ। परिवारका सदस्यसँगको सम्बन्ध प्रगाढ बन्नेछ। प्रेम तथा दाम्पत्य जीवन सुखद रहनेछ। स्वास्थ्यमा सामान्य समस्या देखिए पनि विशेष सावधानी अपनाउँदा सहज हुनेछ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly



'रामायण'को दबाबमा नेपाली चलचित्रहरु

काठमाडौं/ नेपाली चलचित्र क्षेत्रका लागि तिहार सधैं महत्वपूर्ण प्रदर्शन अवसर मानिँदै आएको छ। लामो बिदा, पारिवारिक जमघट र मनोरञ्जनप्रतिको बढ्दो रुचिका कारण यो समयमा चलचित्र हलमा दर्शकको चहलपहल बढ्ने अपेक्षा गरिन्छ। यसपटक पनि तिहारलाई लक्षित गर्दै नेपाली चलचित्रले प्रदर्शन र प्रचारलाई तीव्रता दिए। नेपाली चलचित्रको बजारमा भारतीय चलचित्र 'रामायण' को प्रवेशले प्रतिस्पर्धाको स्वरूप नै केही फरक बनाइदियो। त्यसमाथि नेपाली चलचित्र 'पाँच पाण्डव' प्रदर्शनअघि नै विवादमा तानिएपछि तिहारको चलचित्र बजार मनोरञ्जनसँगै बहसको विषयसमेत बनेको छ।

यसपटकको तिहारमा नेपाली चलचित्रले दर्शकलाई हलसम्म तान्ने अवसर पाए पनि विदेशी चलचित्रसँगको प्रतिस्पर्धा सहज रहेन। विशेषगरी हिन्दी चलचित्र 'रामायण' ले प्रदर्शनको शुरुआतमै नेपाली बजारमा उल्लेखनीय दर्शक आकर्षित गऱ्यो। ठूलो बजेट, परिचित पौराणिक कथा, चर्चित कलाकार र व्यापक प्रचारका कारण यसले प्रदर्शनअघि नै दर्शकको ध्यान खिचिसकेको थियो। रणवीर कपुर, साई पल्लवी, यश र सनी देओलजस्ता कलाकारको उपस्थितिले पनि चलचित्रप्रतिको उत्सुकता बढाएको देखियो।

प्रदर्शनको पहिलो दिनमै नेपालमा दुई करोड रुपियाँभन्दा बढीको व्यापार गरेको बताइएको 'रामायण' ले चार दिनमा सात करोड रुपियाँभन्दा बढीको ग्रस कलेक्सन गरेको तथ्यांक सार्वजनिक भएको छ। यसले नेपाली बजारमा भारतीय चलचित्रको प्रभाव कति बलियो हुन सक्छ भन्ने फेरि देखाएको छ।

विदेशी चलचित्रको यस्तो प्रभावलाई नेपाली चलचित्रप्रतिको दर्शकको रुचि घटेको अर्थमा मात्र बुझ्नु उचित हुँदैन। नेपाली चलचित्रले पनि आफ्नै कथावस्तु, कलाकार र स्थानीय परिवेशका कारण दर्शकको ध्यान खिच्दै आएका छन्। 'कबड्डी ५ : फाइनल म्याचपछि', 'आ बाट आमा २', 'छ माया छपक्कै २', 'पेन्सन पट्टा' र 'बा : एक योद्धा' जस्ता चलचित्र पनि हलमा प्रदर्शन भइरहेका छन्। यसले नेपाली चलचित्रको बजार एउटै चलचित्रमा निर्भर नरहेको देखाउँछ। तिहारको मुख्य प्रतिस्पर्धामा कुन चलचित्रले कति दर्शक तान्न सक्यो भन्ने कुरा भने त्यसको विषयबस्तु, प्रचार, शोको उपलब्धता र दर्शकको प्रतिक्रियाले निर्धारण गर्ने देखिन्छ।

यसैबीच तिहारको अवसर पारेर प्रदर्शनमा आएको 'पाँच पाण्डव' भने अन्य चलचित्रभन्दा फरक परिस्थितिमा दर्शकमाझ पुगेको छ। वसन्त निरौलाको निर्देशनमा बनेको यस



चलचित्रले प्रदर्शनअघि नै ठूलो विवादको सामना गर्नुपऱ्यो। चलचित्रको पोस्टरमा अभिनेत्री इभा गिरीलाई महाभारतकी पात्र द्रौपदीका रूपमा प्रस्तुत गरिएको र त्यसपछि सार्वजनिक गरिएको 'राजा चाहिया छ' गीतमा उनको बोल्ड प्रस्तुति देखाइएको विषयले धार्मिक तथा सांस्कृतिक बहस जन्मायो। केही समूहले यसलाई धार्मिक आस्थासँग जोडेर विरोध गरे भने चलचित्र प्रदर्शन रोक्नुपर्ने मागसमेत उठाए।

विवाद यतिमै सीमित रहेन। चलचित्रले प्रदर्शन अनुमति पाइसकेको अवस्थामा पनि रोक्ने प्रयास भएको भन्दै फिल्मकर्मीहरूले असन्तुष्टि जनाए। अन्ततः सम्बन्धित सरकारी निकायसँगको छलफलपछि चलचित्र प्रदर्शनमा आएको हो। यस घटनाले एउटा महत्वपूर्ण प्रश्न पनि उठाएको छ कि चलचित्रको विषयबस्तु, प्रचारशैली र धार्मिक संवेदनशीलताबीचको सीमा कहाँसम्म हुनुपर्छ ? सिर्जनात्मक स्वतन्त्रता आवश्यक छ, तर त्यसको प्रयोग गर्दा सामाजिक र सांस्कृतिक संवेदनशीलतालाई पनि बुझ्नुपर्ने हुन्छ। अर्कोतर्फ, कुनै चलचित्रप्रति असहमति हुँदैमा त्यसको प्रदर्शन रोक्ने दबाब सिर्जना गर्नु पनि उचित अभ्यास मान्न सकिँदैन।

'पाँच पाण्डव'को अर्को चुनौती भनेको विवादबाट प्राप्त चर्चालाई वास्तविक दर्शक सहभागितामा बदल्नु हो। चलचित्रमा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, दीपाश्री निरौला, महेश त्रिपाठी र सुशील सिटौलाजस्ता परिचित कलाकार छन्। कलाकारको लोकप्रियताले दर्शक तान्न सहयोग गर्न सक्छ। कलाकारको उपस्थिति र विवादको चर्चाले मात्र चलचित्र सफल हुँदैन। अन्ततः दर्शकले पर्दामा कस्तो कथा पाउँछन्, अभिनय कति स्वाभाविक छ र चलचित्रले मनोरञ्जनसँगै कस्तो प्रभाव छाड्छ भन्ने कुराले नै त्यसको भविष्य निर्धारण गर्छ।

यसपटकको चलचित्र बजारले नेपाली निर्मातालाई अर्को सन्देश पनि दिएको छ। विदेशी चलचित्रको प्रभाव रोक्न वा त्यसको प्रदर्शनलाई दोष दिनुभन्दा नेपाली चलचित्रको गुणस्तर, कथा छनोट र निर्माणमा ध्यान दिनु आवश्यक छ। 'रामायण' ले पाएको दर्शक आकर्षण केवल विदेशी चलचित्र भएकाले मात्र होइन, त्यसको निर्माणको आकार, प्रचार र दर्शकमा पहिलेदेखि रहेको पौराणिक कथाप्रतिको चासोसँग पनि जोडिएको छ। नेपाली निर्माताले पनि आफ्नै समाज, संस्कृति, इतिहास र जीवनका कथालाई आकर्षक ढंगले प्रस्तुत गर्न सके विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छैन।

तिहारको यो प्रदर्शनले एउटा कुरा प्रस्ट पारेको छ कि नेपाली दर्शक चलचित्र हेर्न तयार छन्, तर उनीहरूलाई हलसम्म पुऱ्याउन बलियो कथावस्तु र विश्वसनीय प्रस्तुति चाहिन्छ। सामाजिक सञ्जालको चर्चा, विवाद र कलाकारको लोकप्रियता प्रारम्भिक आकर्षणका माध्यम हुन सक्छन्, तर दीर्घकालीन सफलता चलचित्रकै गुणस्तरमा निर्भर हुन्छ।

त्यसैले यसपटकको तिहारलाई नेपाली चलचित्रका लागि निराशाजनक समयका रूपमा मात्र हेर्न मिल्दैन। बरु यो आफ्नो बजारको वास्तविकता बुझ्ने अवसर पनि हो। 'रामायण' को व्यावसायिक सफलताले प्रतिस्पर्धाको चुनौती देखाएको छ भने 'पाँच पाण्डव' को विवादले चलचित्र निर्माण र प्रचारको जिम्मेवारीबारे सोच्न बाध्य बनाएको छ। अब नेपाली चलचित्रले दर्शकको मन जित्ने बाटो खोज्नुपर्छ। हलमा दर्शकको उपस्थिति कुनै पर्व, विवाद वा प्रचारले होइन, राम्रो चलचित्रले नै सुनिश्चित गर्ने हो।



सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ
- सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं।



ट्राफिक नियम पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**